# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **निर्मलकुमार भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

निर्मलकुमार भण्डारी सुदूरपश्चिमका एक सशक्त कवि हुन् । डोटी जिल्ला सरस्वतीनगर गा.वि.स जोरायलमा वि.सं. २०१३ माघ १२ गते बुबा भानदत्त भण्डारी र आमा धर्मादेवी भण्डारीका जेष्ठ सुपुत्रका रूपमा उनको जन्म भएको हो ।[१] मध्यम वर्गीय ब्राह्मण परिवारमा जन्मेका निर्मलको बाल्यकालीन परिवेश जन्मस्थानकै सेरोफेरोमा बितेको थियो । प्रवीणता प्रमाणपत्र तहसम्मको औपचारिक शिक्षा हासिल गरेका भण्डारीको कार्यक्षेत्र शिक्षण हो । अग्रज साहात्यिकारहरूको प्रेरणा प्रोत्साहन, प्राकृतिक सौन्दर्य र ग्रामीण परिवेशका रमाइला पक्षहरूसँगै आफ्ना भावुक सौन्दर्यशील चेतना र कवि हृदय लिएर, नेपाली कविताका क्षेत्रमा निरन्तर साधनारत कविको योगदान स्मरणीय रहन गएको छ ।

निर्मलकुमार भण्डारी साहित्य साधनासँगै सामाजिक सेवा र विभिन्न संघसंस्थाहरूमा आवद्ध रहेका छन् । २०३८ सालको "खोला" शीर्षकको फुटकर कविता उनको पहिलो प्रकाशित रचना हो । कविका प्रकाशित अन्य रचना सिर्जनाहरू "कर्तव्य बोध तथा एकीकृत सन्देश" (कवितासङ्ग्रह) "सावधान नयाँ युग आउँदै छ" (खण्डकाव्य), "चेलीबेटीको

---

१ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

बिलौना" (गीति कथा), "वीरेन्द्र शोककाव्य" (खण्डकाव्य) र अन्य पाण्डुलिपिमा संरक्षित १ दर्जन जति प्रकाशोन्मुख कृतिहरू रहेका छन् । विभिन्न संघसंस्थामा आवद्ध रहेका भण्डारीका अन्य फुटकर रचनाहरू साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनी साहित्यमा निरन्तर क्रियाशील र साधनारत रहँदै आएका छन् । कविको व्यक्तिगत जीवनसँग सम्बन्धित पक्षहरू उनको व्यक्तित्व र सिर्जनात्मक कृतिहरूको अवलोकन, विश्लेषण र समीक्षण यस शोधको विषय रहेको छ । यस शोधपत्रमा निर्मलकुमार भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.४ शोधसमस्या

वि.सं.२०१३ सालमा सुदूरपश्चिमको माटोमा जन्मेका निर्मलकुमार भण्डारी सिर्जनशील व्यक्तित्व हुन् । नेपाली साहित्यको कविता विधामा सक्रियताका साथ सिर्जना गरिरहेका कर्मशील भण्डारीका प्रकाशित कृतिहरूले फुटकर कवितादेखि खण्डकाव्यसम्म स्थान लिएको छ । कविको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा स्पष्ट जानकारी प्राप्त हुने गरी अध्ययन विश्लेषण भएको पाइँदैन । निर्मलकुमार भण्डारीको जीवनी व्यक्तित्व र कृतित्वका बारेमा अनुसन्धानात्मक अध्ययन नभएकाले प्रस्तुत शोधकार्य निम्नलिखित अनुसन्धानात्मक समस्याहरूसँग सम्बन्धित रहेको छ :

१. निर्मलकुमार भण्डारीको जीवनी के-कस्तो छ ?

२. निर्मलकुमार भण्डारी कस्ता व्यक्तित्व भएका लेखक हुन् ?

३. उनका कृतिहरू के-कस्ता छन् ?

४. नेपाली साहित्यका क्षेत्रमा उनको के-कस्तो योगदान रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

वि.सं. २०३८ सालमा प्रकाशित 'खोला' शीर्षकको कविताबाट नेपाली साहित्यको कविता विधामा प्रवेश गरेका निर्मलकुमार भण्डारीका ६ ओटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् भने तमाम फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका

छन् । २०३८ सालदेखि औपचारिकरूपमा साहित्यक क्षेत्रमा प्रवेश गरेका भण्डारी हाल पनि साहित्यमा आफ्नो अनवरत यात्रालाई निरन्तरता दिइरहेका छन् ।

यिनै सिर्जनशील व्यक्तित्वको प्रतिभालाई यस शोधपत्रले स्पष्ट पार्ने हुँदा प्रस्तुत शोधपत्रका उद्देश्यहरू बुँदागत रूपमा निम्नानुसार रहेका छन् :

क) निर्मलकुमार भण्डारीको जीवनी प्रस्तुत गर्नु,

ख) उनका व्यक्तित्वका विविध पाटाहरूको परिचय दिनु,

ग) उनका साहित्यिक कृतिहरूको अध्ययन विश्लेषण गर्नु ।

घ) उनले प्रदान गरेका साहित्यक योगदानको मूल्याङ्कन गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको कविता विधाबाटै सिर्जनात्मक यात्राको आरम्भ गरेर तमाम फुटकर कविताका साथै खण्डकाव्यको सिर्जना गरेका भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विशलेषण हुनु आवश्यक देखिन्छ । विश्लेषणात्मक अध्ययनका लागि यो शोधपत्र आधिकारिक रहे पनि उनका बारेमा गरिएका चर्चा वा टिप्पणीहरूको विवरण पूर्वकार्य समिक्षा अन्तर्गत पर्दछन् । उनका कृतिका बारेमा लेखिएका भूमिका र समीक्षालाई पूर्वकार्य मान्नु पर्ने हुन्छ । अतः तलका बुँदाहरूको विवरण उल्लेख गरिएको छ :

१. सिद्धराज ओझा (२०५२) ले निर्मलकुमार भण्डारीको प्रकाशित कृति **कर्तव्य बोध तथा एकीकृत सन्देश** को भूमिकामा सफलताको कामना गर्दै विभिन्न छन्द, ध्वनि रस, गुण, जुनकुरा कविताको निम्ति आवश्यक हुन्छ र उक्त सबै कुरा उनका कवितामा जतासुकै भेटिन्छन् भनेका छन्

२. श्रेष्ठ प्रिया “पत्थर” (२०५२) निर्मलकुमार भण्डारीको सिर्जनात्मक क्षेत्रको बारेमा चर्चा गर्दै उनका रचनाहरू अक्सर जैवनिक कर्तव्यबोधपरक, नैतिक सन्देशपरक, दुष्प्रवृत्ति, उन्मूलन एवम् सत्प्रवृत्ति सम्वर्द्धनपरक तथा आत्मीय प्रेम विस्तारपरक हुन्छन् भनेकी छन् ।

३. भोजराज जोशी (२०५२) ले कवि भण्डारीको कृति **चेलीबेटीको बह, व्यथा र बिलौना** गीतिकथाको भूमिकामा भण्डारीलाई चिनाउँदै "नारी जाति प्रति असीम आदर्श र मर्यादा राखी विरह वेदनाप्रति भावुक बन्दै भावनात्मक मल्हमपट्टीद्वारा पीडित नारीहरूका घाउ चोटहरू बिसेक भएको हेर्न चाहने लेखक मित्रको हृदयमै उदार, आत्मीय र उदात्त विचार छ भनेका छन् ।

४. **कर्तव्यवोध सन्देश एकीकृत** (२०५२) कवितासङ्ग्रहको भूमिकामा राम करनपालले सीमित योग्यता एवम् सदैव अर्थाभाव खट्किरहने व्यवधानको संघारमा उभिएर पनि नेपाली भाषा सीहित्यप्रतिको उनाको अथक श्रम र अध्यवसाय वन्दनीय नै छ भनेका छन् ।

यी सामान्य टिप्पणीबाहेक भण्डारका व्यक्तित्व र कृतित्वबारे कुनै अध्ययन तथा विश्लेषण नभएकाले यस शोधपत्रमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.७ अध्ययनको महत्त्व

२०३८ सालमा प्रकाशित 'खोला' शीर्षकको कविता मार्फत साहित्यक क्षेत्रमा प्रवेश गरेका निर्मलकुमार भण्डारीका बारेमा छिटफुट परिचयात्मक टिप्पणीहरू प्रस्तुत गरिएका भए पनि उनको बारेमा व्यवस्थित तवरले कुनै शोधकार्य भएको पाइँदैन । निर्मलकुमार भण्डारीका बारेमा शोधकार्य नभएको अवस्थामा उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गर्न यो शोधकार्य गरिएको हो । यस शोधकार्यमा भण्डारीलाई उनको जीवनी, व्यक्तित्व र कृतित्वका आधारमा चिनाउदै नेपाली साहित्यका क्षेत्रमा उनले पुऱ्याएको योगदानको बारेमा चर्चा गरिएको छ । नेपाली साहित्यको कविता विधामा देखापरेका कवि भण्डारीको साहित्यक योगदानको समेत निरूपण गरिएकोले यो शोधपत्रको औचित्य रहेको कुरा स्पष्ट भएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

निर्मलकुमार भण्डारीले नेपाली भाषाका साथै डोटेली भाषामा पनि रचना सिर्जना गरेका छन् । उनले फुटकर कवितादेखि खण्डकाव्यसम्मको सिर्जना गरेका छन् । यस

शोधपत्रमा उनका पुस्तकाकार चारओटा कृतिहरूको विश्लेषण समीक्षण गरिएको छ । अन्य पाण्डुलिपिमा सुरक्षित कृतिहरूको सूची मात्र दिइएको छ । मूलतः प्रस्तुत शोधकार्य निर्मलकुमार भण्डारीको जीवनी, व्यक्तित्व र उनका कृतित्वको निरूपणमै केन्द्रित रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्य पूरा गर्नका लागि विशेषतः पुस्तकालयीय पद्धतिका साथै शोधनायकका बारेमा जानकारी लिने क्रममा अन्तर्वार्ताको प्रयोग गरिएको छ । शोधनायकका कृतिहरूको अध्ययनका लागि वर्णनात्मक, विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई  व्यवस्थित ढङ्गवाट पूरा गर्न सजिलो होस् भन्नका लागि छओटा परिच्छेदमा विभाजन गरी आवश्यकताअनुसार विभिन्न-शीर्षक उपशीर्षकहरूमा राखी अध्ययन गरिएको छ :

१. पहिलो परिच्छेद - शोधपरिचय

२. दोस्रो परिच्छेद - निर्मलकुमार भण्डारीको जीवनी

३. तेस्रो परिच्छेद - निर्मलकुमार भण्डारीको व्यक्तित्वको अध्ययन

४. चौथो परिच्छेद - निर्मलकुमार भण्डारीको कृतित्वको अध्ययन

५ पाँचौ परिच्छेद - शोधनिष्कर्ष

सन्दर्भसामगीसूची

# दोस्रो परिच्छेद

# निर्मलकुमार भण्डारीको जीवनी

निर्मल कुमार भण्डारी नेपाली भाषा र डोटेली भाषा दुई भाषामा रचना सिर्जना गर्ने प्रतिभा हुन् । नेपाली साहित्यको कविता विधामा सिर्जना गर्ने भण्डारीको जीवनी व्यक्तित्व र कृतित्वमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ । जीवनी, व्यक्तित्व र कृतित्वका तीन पक्षहरूमध्ये पहिला जीवनीको अध्ययन गर्नु आवश्यक देखिन्छ । यस परिच्छेदमा निर्मलकुमार भण्डारीको जन्मदेखि हालसम्मको विभिन्न पक्षहरू समाहित गरी जीवनीपरक समालोचनात्मक अध्ययन गरिएको छ ।

## २.१ जन्म, जन्मस्थान, बाबुआमा र नामकरण

निर्मलकुमार भण्डारी वि.सं. २०१३ साल माघ १२ गते शुक्रबारका दिन नेपालको सेती अञ्चल डोटी जिल्लाको सरस्वतीनगर गा.वि.स. वार्ड नं. ६ बेल्टुक्रा जोरायलको शान्त मनोरम प्राकृतिक स्थलमा मध्यमवर्गीय ब्राह्मण परिवारमा जन्मेका हुन् ।[१] उनी आमा धर्मादेवी भण्डारी र बुवा भानदत्त भण्डारीका जेष्ठ सुपुत्र हुन् ।[२]

## २.२ पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि

निर्मलकुमार भण्डारी भारद्वाजगोत्रीय भण्डारी परिवारमा जन्मेका हुन् । उनको पैतृक थलो भारतको सिंगाही क्षेत्र हो । भण्डारीका बड्डाबाजे जयदेव भारतको सिंगाहीबाट नेपालको सेती अञ्चल डोटी जिल्लाको निरौलीमा आएका थिए । उनका बाजे धनञ्जयले आफ्नो जीवनकालमा डोटी जिल्लाकै सरस्वतीनगर गा.वि.स. वडा नं. ६ बेल्टुक्रा जोरायलमा बसाइ सराइ गरेको इतिहास फेला पर्दछ ।[३] डोटी राजाको शासनकालमा भण्डारे भई काम गरेकोमा भण्डारी थर घोषित हुन गएको भन्ने भनाइ रहिआएको छ ।[४] यसले गर्दा उनको पुर्ख्यौलीको गोत्र भारद्वाज र ब्राह्मण परिवार नै भए पनि यस पूर्वको थर के रहेछ, भन्ने बारेमा अनुमान गर्नुपर्ने देखिन्छ तर यस बारेमा स्रोत भने खुल्न सकेको छैन ।

---

१ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

२ ऐजन ।

३ ऐजन ।

४ ऐजन ।

भण्डारीहरूका पूजनीय देवदेवी श्री भागेश्वर, दक्षिणकाली श्री कामिक्षादेवी, श्री मष्टा कालसैनी, पासो, कलोरै, भैंसुरी, गङ्गोरी आदि रहेका छन् ।[५]

## २.३ बाल्यकाल

बेल्टुक्रा जोरायलमा जन्मेका भण्डारीको बाल्यकाल दैनिक बालक्रिडा, अक्षर साधना, खेलकुद र प्राथमिक शिक्षा आरम्भमै बितेको थियो । पारिवारिक संस्कार र वातावरण अनुसार धर्मकर्मप्रति अभिरुचि, देवीदेवता र पूजाअर्चना प्रतिको चेतन आस्था र झुकाव, आफ्ना बालसहपाठीहरूका माझ बाल्यक्रीडा, श्लोक कविता अनुकरण र अभ्यासप्रतिको रुचिराग र बालशाखाहरूका साथ क्रीडात्मक अनुवाद अनि पैतृक संस्कारहरूको अनुकरण साथै पितासितको साहचर्यमै यिनको बाल्यकाल बितेको छ ।[६]

उनी बाल्यकालदेखि नै नम्र, मिष्ठभाषी, उदार र फरासिलो स्वभावका थिए ।, शान्त प्राकृतिक वातारण र मनोरम ग्रामीण वातावरण रुचाउने निर्मलकुमार भण्डारीको बाल्यकाल प्रकृतिकै काखमा बितेको थियो । सानो छँदा उनी अध्ययनमा  भने त्यति मन दिँदैनथे । आफुले सानो छँदा बुबा अक्षर साधना गराउनुहुन्थ्यो त्यतिखेर पढ्न सिक्न मन नगर्ने, झन्झट मान्ने, खेल्न अनि उफ्रनमै मन गर्ने र स्कुल जान डराउने बानी थियो भनेर उनी याद रहेको कुरा बताउँछन् । धेरै विद्यार्थी र मान्छे देख्दा डराउने, कक्षामा बस्न मन नगर्ने, स्कुल पुऱ्याइदिन बुवा या ठुलदिदी जानुपर्ने, रुँदै फेरि घर फर्कने कि त बुवा अथवा दिदीले स्कुलमै बसिरहनुपर्ने स्वभाव रहेको उनी बताउँछन् । बाल्यकालीन स्मरण गर्दा उनी यही घटनालाई जीवनकै अविस्मरणीय र उल्लेखनीय घटना भनेर सुनाउँछन् ।[७]

निर्मलकुमार भण्डारीको बाल्यकाल जन्मदेखि १० वर्षसम्म दैनिक बालक्रीडा खेलकुद, अक्षर साधना र प्राथमिक शिक्षा आरम्भमा बितेको हो ।  उनी सानै उमेरदेखि धर्म, चिन्तन र अध्यात्ममा विशेष रुचि राख्दथे । पारिवारिक संस्कार र वातावरणअनुसार धर्म, कर्म, देवी, देवता र पूजा अर्चनाप्रतिको चेतन आस्था, झुकाव र तदनुरूपकै बाल्यक्रीडामा उनको बालककाल बितेको थियो ।

---

५ ऐजन ।
६ ऐजन ।
७ ऐजन ।

बाल्यकालमै श्लोक, कविता गायन अनुकरण र अभ्यासप्रतिको  रुचिराग साथै बालसखाहरूका साथ क्रीडात्मक अनुवाद हुन्थ्यो । पैतृक संस्कारहरूको अनुकरण, विविध धर्मकृत्यहरूमा पितासितको साहचर्यमा उनको बाल्यकाल बितेको हो ।

## २.४ शिक्षा-दिक्षा

### २.४.१ अक्षरारम्भ

वंशज परम्पराअनुसार विद्याआर्जनको निम्ति यिनका वि.सं. २०२० सालमा माघ शुक्ल श्रीपञ्चमीका दिन यिनको अक्षरारम्भ, मुण्डन एवम् कर्णभेदको संस्कार गरिएको हो । त्यति बेला यिनको उमेर सात वर्षको थियो । भण्डारीको प्रारम्भिक शिक्षा हजुरबुवा र विद्यालयमा अध्ययन गर्ने साथी दौँतरीहरूका अर्तीउपदेश र अन्य श्रव्य, दृश्य घटनाका प्रभावबाट भएको हो । निर्मलकुमारका वंशजहरूको शिक्षाप्रतिको आस्था र पारिवारिक संस्कारले उनको प्रारम्भिक शिक्षामा प्रभाव पारेको थियो । जीवनको प्रारम्भ भण्डारीको बाल्यकालमा विशेष गरी साथी दौँतरी, छर-छिमेकी र परिवारकै प्रभावले शिक्षारम्भको वातावरण बनाइदिएको छ ।[८]

### २.४.२ अनौपचारिक शिक्षा

भण्डारीको अनौपचारिक शिक्षा-दीक्षा उनका हजुरबुवा र बुवाबाट प्राप्त भएको थियो । उनको अनौपचारिक शिक्षाको प्रभाव र प्रेरणा स्रोत ग्रामीण मान्यजन, गुरुजन र साथी दौतरीहरू पनि हुन् ।[९]

### २.४.३ औपचारिक शिक्षा

#### २.४.३.१ प्राथमिक शिक्षा

सरस्वतीनगर गा.वि.स. वार्ड नं ४ स्थित शिवपुर प्रा.वि.मा उनको प्राथमिक शिक्षा सम्पन्न भएको हो । कक्षा १  देखि कक्षा ५ सम्म उनले यसै विद्यालयवाट प्रारम्भिक शिक्षा हासिल गरेको हुन् । शिवुपर प्रा.वि.मा कक्षा ५ सम्मको अध्ययनपश्चात उनी कक्षा ६ को

---

८ ऐजन ।

९ ऐजन ।

अध्ययनका लागि आफ्नै पुर्ख्यौली थलो निरौली डोटीको रघुनाथ मिडिल स्कुलमा १ वर्षका लागि पढ्न गएका थिए ।[१०]

### २.४.३.२ माध्यामिक शिक्षा

निर्मलकुमार भण्डारीले कक्षा सातसम्मको अध्ययन रघुनाथ मिडिल स्कुलमा गरेपछि उनी ७ कक्षादेखि कक्षा १० सम्मको अध्ययनका लागि डोटी जोरायलको घण्टेश्वर मा.वि.मा गएका थिए । घण्टेश्वर मा.वि. मा उनले माध्यमिक शिक्षा आर्जन गरेका हुन । प्रारम्भिक अवस्थामा शिक्षारम्भ गर्ने समयमा अलि झर्को मान्ने, पढ्न मन नगर्ने र खेल्नु उफ्रिनुमै सन्तुष्ट हुने निर्मलको यो समय अत्यन्तै परिवर्तित अवस्थामा देखिन्छ ।[११] मा.वि. को पढाइ गर्ने समयमा उनी साह्रै शान्त र सहज स्वभावका संवेदनशील एवम् भावुक प्रकृतिका मानिस देखिन्थे । उनको यस प्रकृतिप्रेमी भावना र मानवीय संवेदनालाई देखेर गुरुहरूले पनि साह्रै माया गर्थे । यो समय उनको कवि भावनाको प्रस्फुटन र साहित्यिक चिन्तनको समय हो । यस समयमा उनी विद्यालयमा एक अनुशासित र कर्तव्यनिष्ठ अनि इमानदार र लगनशील विद्यार्थीका रूपमा देखा परेका छन् । वि.सं. २०२६ देखि वि.सं. २०३० सालसम्म ४ वर्षभित्र उनले माध्यमिक स्तरको शिक्षा ग्रहण गरेका थिए ।[१२]

### २.४.३.३ उच्च शिक्षा

निर्मलकुमार भण्डारी उच्च शिक्षाको अध्ययन गर्ने तीव्र अभिलाषा पूरा हुन नपाएकोमा असन्तुष्टि व्यक्त गर्दछन् । उति बेला हालको जस्तो विद्यालय वा क्याम्पसको सहज प्राप्यता र पहुँच थिएन । घर छोडेर जिल्ला भन्दा बाहिर टाढा-टाढा जानुपर्ने र यातायातको पनि उति सुविधा नभएका कारण उनले पढाइप्रति रुचि र चाहना हुँदाहुँदै पनि उच्चशिक्षा पूरा गर्न सकेनन् । २०३३/०३४ सालतिर उनले इलाहाबाद बोर्डबाट प्राइभेट फर्म गरे । परीक्षाका समयमा दुबै वर्ष बस दुर्घटना र पितृवियोगले गर्दा नमीठो परिस्थितिको सामना गर्नुपरेको उनी बताउँछन् । ती घटनाहरूले उनको अध्ययनमा डेढ वर्ष निकै बाधा गर्‍यो । पढाइप्रतिको उत्कट अभिलाषाका कारण वि.सं. २०५० मा उनी कैलाली क्याम्पस धनगढीमा शुल्क तिरेर नियमित विद्यार्थीको रूपमा भर्ना भए ।

---

१० ऐजन ।

११ ऐजन ।

१२ धर्मराज भण्डारीका अनुसार ।

स्वाध्यायनमा र शिक्षण पेसालाई निरन्तरता दिइरहकै समयमा उनी आई. ए. प्रथम वर्षमा पास भए । दोश्रो वर्षको परीक्षामा राजनीतिशास्त्र र इतिहास दुबै विषयमा उनी अनुत्तीर्ण भए । अनुत्तीर्ण विषयमा परीक्षा दिएपछि उनी पास भए । आई.ए. पास भइसकेपछि स्नातक तहको अध्ययनका लागि उनी जुटिरहेकै अवस्थामा पारिवारिक खिचलोका कारण अंशवण्डा र घरपरिवार मिलाउनमै समय बित्यो । यसरी उनको उच्च शिक्षा स्नातक तहको सुरुआतमै रोकिएको छ ।[१३]

पढाइप्रतिको जागरुकता र अभिलाषा हुँदा-हुदै पनि विभिन्न पारिवारिक झमेला र संयोगजन्य दुर्घटनाहरूबाट  पीडित भण्डारी उच्च शिक्षाको अध्ययन  पूर्ण गर्न नसकेकामा साह्रै दिक्दार र निराश देखिन्छन् । उनले भनेका छन्– "एस्एल्सी पासपछि २० वर्ष पछाडिको  मेरो पढाइ उच्च शिक्षा अध्ययनप्रतिको तलतल मिटाउन एउटा झिनो प्रयास मात्रै हो, जसले पूर्णता लिन नपाउँदै पूर्णविरामको पिरलो थेग्नु पऱ्यो ।"[१४]

औपचारिक रूपमा प्रवीणता प्रमाणपत्र तहसम्मको मात्र अध्ययन गरेका भण्डारी साहित्यसाधना र कवि भावना दुबैले गर्दा साहित्य साधकहरूको माझ प्रतिष्ठित र प्रेरणाको स्रोत बनेर देखापरेका छन् । भावुक, कल्पनाशील कवि र सामाजिक व्यक्तित्वका रूपमा चिनिएका भण्डारीको शैक्षिक जीवन उनका लागि भने असन्तुष्ट नै रहेको पाइएको छ ।

## २.५ पारिवारिक स्थिति

### २.५.१ दाजुभाइ तथा दिदीबहिनी

निर्मलकुमार भण्डारीका २ भाइ तीन बहिनीहरू छन् । बुबा भानदत्त भण्डारी र आमा धर्मादेवी भण्डारीका जेष्ठ सुपुत्र उनका दुई भाइमा माहिला टेकराज भण्डारी र कान्छा धर्मराज भण्डारी हुन् ।[१५] कहिनीहरूमा जेठी टीकेश्वरी भण्डारी, माहिली यशोदा भण्डारी र कान्छी चित्रा भण्डारी रहेका छन् । तीनवटै बहिनीहरूको विवाह भइसकेको छ भने दुईटा भाइहरू पनि विवाह गरी अलग-अलग छुट्टिएर बसेका छन् ।[१६]

---

१३ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।
१४ ऐजन ।
१५ ऐजन ।
१६ ऐजन ।

### २.५.२ वैवाहिक जीवन

निर्मलकुमार भण्डारीको विवाह वि.सं. २०३० साल फागुन २७ गते १७ वर्षको उमेरमा भएको हो । यिनको विवाह डोटी गडसेरा गा.वि.स. बाहुन गाउँ निवासी यज्ञराज जोशी र देवी जोशीकी जेष्ठ सुपुत्री चित्रा जोशीसँग भएको हो । भण्डारीको विवाह हिन्दू संस्कृति र परम्पराअनुसार सम्पन्न भएको हो । निर्मलकुमार भण्डारीको दाम्पत्य जीवन मिश्रित विशेषताका साथ रहेको छ । आर्थिक दुरवस्था र श्रीमतीले कुनै किसिमको औपचारिक शिक्षा हासिल नगरेकोमा सामान्य असन्तुष्टि रहे पनि सानो परिवार सुखी परिवारको अवधारणा रहेको मानसिकता बोकेका भण्डारीको दाम्पत्य जीवनलाई सुखद नै मान्नुपर्दछ ।[१७] विभिन्न बाधा अड्चन र व्यवधानहरूलाई पार गर्दै परिवारको समुन्नत भविष्यका लागि श्रीमान्-श्रीमतीबीचको सौहार्द्धताले पारिवारिक सन्तुष्टि प्रदान गरेको देखिन्छ । आफू प्रा.वि. शिक्षकको न्यून बेतनभोगी भएको र आर्थिक समस्या समाधान गर्न अफ्ठेरो भएको खिन्नताबोधले दुबैमा अलि निराशाबोध रहेको कुरा उनी बताउँछन् ।[१८]

### २.५.३ सन्तान

निर्मलकुमार भण्डारीका दुई छोराहरू मात्र छन् । जेठा छोरा खगराज भण्डारी वि.सं. २०३८ साल फागुन २८ गते जन्मेका हुन् । उनी अहिले स्नातक तह द्वितीय वर्षमा अध्ययनरत छन् । अर्का कान्छा छोरा गोविन्दकृष्ण भण्डारीको उमेर २४ वर्ष पुगेको छ । उनको जन्मसमय वि.सं. २०४१ साल आषाढ ६ गते रहेको छ । उनी अहिले स्नातक तह प्रथम वर्षमा अध्ययन गरिरहेका छन् ।[१९]

### २.५.४ परिवारप्रतिको धारणा

एउटा संयुक्त परिवार विखण्डित भएर बस्नु परे पनि सबैप्रति उनको स्नेहिल एवम् सकारात्मक धारणा रहेको छ । सबै निरोगी रहून्, स्वस्थ रहून्, शिक्षित सभ्य र सम्भ्रान्त होऊन्, आफ्नो स्तरअनुसारको प्रगति गरून्, दुष्कर्म र दुराचारपट्टि कोही नलागून्, अर्काको कुभलो कोही नगरून्, आफू सुहाउँदो र समयले सुम्पेको सेवा, परोपकार स्नेह, सहयोग

---

१७ ऐजन

१८ ऐजन

१९ ऐजन

समता र ममताको दृष्टिकोण र व्यव्यहारले बाँचून् । कसैको जीवन जगतमा पीडाविपत्ति नआइलागोस्, सर्वे भवन्तु सुखिनः को चिन्तनमा जीवन यापन भइरहोस्, पारिवारिक संस्कारअनुरूपको सबैको जीवनशैली रहोस् र जीवनोचित कर्म कर्तव्यहरू सबैबाट सम्पादित होऊन् भन्ने उनको परिवारप्रतिको धारणा रहेको छ ।[२०]

### २.५.५ माता-पिता

वि.सं. २०३४ सालतिर निर्मलकुमार भण्डारीका पिताको देहावसान भएको हो । त्यतिबेला निर्मलको उमेर २१ वर्षको थियो । आमा धर्मादेवी भण्डारी जीवितै छिन् ।[२१]

## २.६ आर्थिक अवस्था

भण्डारी मध्यमवर्गीय बाह्मण परिवारमा जन्मेका हुनाले उनको नीजि जीवनमा मात्र नभई बाजे र बुवाको पालादेखि नै आर्थिक अभाव खट्किरहेको थियो । त्यतिबेला ब्राह्मण परिवारले हलो जोत्नु निषेध मानिएकाले प्रशस्त जमिन हुँदा-हुदै पनि उत्पादनको जिम्मा अरूले लिने गर्थे । बुवाबाजेले गर्ने जजमानीबाट प्राप्त आर्थिक लाभले सामान्य गुजारा भइरहन्थ्यो । सुरुदेखि नै आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा अहिले उनको जीवनस्तरमा पनि त्यति सुधार भएको पाइँदैन । सानै परिवार भए पनि आफू एक्लैको जागिरे जीवनले उनको आर्थिक जीवन समृद्ध हुन सकेको छैन । छोराहरूका लागि गरिने अध्ययन खर्च र दैनिक गुजारा चलाउन गाह्रो भइरहेको छ । विगत १० वर्षको जनयुद्धकालमा भएको द्वन्द्वका कारण विस्थापित भई २०६० सालमा पुर्ख्यौली थलो छाडी तराईतिर बसोबास मिलाउनुपर्दा जग्गाजमिन बिक्री गरेर यिनी बसाइँ सरेका हुन् । हाल मालाखेती कैलालीमा घरजम गरी बसेका भण्डारी आर्थिक रूपले आफ्नो असन्तुष्टि अझै व्यक्त गरिरहेका छन् ।[२२]

## २.७ जागिरे जीवन

निर्मलकुमार भण्डारीका बुवा बाजेको दिन जजमानी र पुरोहित्याइमा सीमित रहेको थियो । यिनले २०३३ भाद्र ९ गतेदेखि प्रा.वि. शिक्षणमा संलग्न हुने अवसर पाएका थिए ।

---

२० ऐजन ।
२१ ऐजन ।
२२ ऐजन ।

तत्कालीन समयमा नै शिक्षा सेवा आयोगले खोलेको विज्ञापन सेवापश्चात् २०३६ भाद्र ९ गते यिनले स्थायी शिक्षण सेवामा प्रवेश गरे । २०३३ सालमा अस्थायी भएर काम गरिरहँदा त्यसको ३ वर्षपछि स्थायी सेवामा प्रवेश गरेका भण्डारीको अध्यापन २०६२ कार्तिक ३ गतेसम्म चलिरह्यो । उनको शिक्षणकाल २९ वर्षे रहेको छ । माओवादी द्वन्द्वका कारण विस्थापित हुनुपरेको र जागिर छोड्नुपरेको गुनासो यिनले व्यक्त गरेका छन् । शिक्षण सेवापश्चात सञ्चार सेवामा प्रवेश गरेका भण्डारीले वि.सं.२०६३।०२।०१ देखि वि.सं. ०६३।०४।३० सम्म सामुदायिक रेडियो घोडाघोडी एफ.एम. अत्तरियामा कार्यक्रम सञ्चालन गरेका थिए ।[२३]

२०६३।०५।०१ देखि २०६५।१०।३० सम्म रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्र दिपायलमा करार सेवामा काम गरेका भण्डारी हाल खप्तड एफ.एम. मा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् ।

## २.८ साहित्यिक लेखनको प्रेरणा र प्रभाव

निर्मलकुमार भण्डारी सानै उमेरमा साहित्यानुरागी थिए । यिनी साहित्यिक गतिविधिहरूमा सानैदेखि रुचिराग व्यक्त गर्दथे भन्ने कुरा यिनको लेखन र बाल्यकालीन स्मरणले प्रस्ट देखाएको छ । यिनी साथी दौँतरीहरू र विद्यालयमा पढ्दा गुरुहरू र विद्यार्थीहरूलाई कविता लेख्ने सुनाउने गर्थे । पारिवारिक वातावरण र साथी दौँतरीहरूको माझमा बस्दा बस्दै उनले आफ्नो सृजनकार्यलाई निरन्तरता दिँदै आएका छन् । खास गरी यिनको लेखन क्षेत्रमा सहपाठी र आफ्नै पारिवारिक पृष्ठभूमि विशेष स्रोतका रूपमा रहेको छ ।[२४]

### २.८.१ लेखनको शुभारम्भ र विस्तार

निर्मलकुमार भण्डारीको भावनात्मक रूपमा पारिवारिक परिवेश र विद्यार्थी जीवनदेखि नै पलाएको साहित्यिक मानसिकताले वि.सं. २०३८ सालदेखि नै लेखनको मूर्त रूप लियो । भावुक चिन्तनशील मानसिकता बोकेका कवि भण्डारी सानैदेखि सिर्जनाको फाँटमा देखा परेको भए पनि जीवनका आरोह अवरोहहरूले पनि उनलाई त्यत्तिकै प्रभाव

२३ ऐजन ।
२४ ऐजन ।

पारेका छन् । वि.सं.२०३८।८।२३ गते पिताको अवसानपछिका अस्तव्यस्त अवस्थाको कारूणिक परिवेशले उनलाई तत्काल साहित्य सिर्जना र अध्यात्म साधना पथ तिर डोऱ्याएको हो । उनले जीवन जगतका कुण्ठित विरह व्यथाहरू व्यक्त गर्ने साहित्य साधनाको मार्ग अवलम्बन गरेका हुन् । २०३८ सालमा उनको पहिलो प्रकाशित कविता 'खोला' शीर्षकको रहेको छ । यो कविता साहित्यिक पत्रिका 'रैवारे' मा प्रकाशित भएको थियो ।[२५]

बाल्यकालदेखि नै रचना सिर्जना गर्ने निर्मलकुमार भण्डारी २०३८ सालमा औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । गिरिराज जोशीका सम्पादकत्वमा रहेको "रैवारे" साहित्यिकका मासिकमा सर्वप्रथम यिनले 'खोला' शीर्षकको कविता प्रकाशित गरेका थिए । फुटकर रचनाअन्तर्गत 'खोला' शीर्षकको कविता उनको प्रथम प्रकाशित रचना हो भने खण्डकाव्यमा **सावधान नयाँ युग आउँदै छ** प्रथम पटक प्रकाशित खण्डकाव्य हो । कविता लेखनका साथै डोटेली परिवेशमा आधारित गीतिकथा पनि उनले निबन्धात्मक ढाँचाको आलेखको रूपमा प्रस्तुत गरेका छन् । डोटेली भाषामा पनि उनले विभिन्न गीतहरू रचना गरेका छन् । उनका फुटकर रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा सङ्कलित रहेका छन् । मूलतः उनको सिर्जनाको क्षेत्र कविता विधा हो । सामाजिक सद्भाव, देशप्रेम, मानवता र नीति अनि कर्तव्यबोध गराउने खालका रचना सिर्जना गरी अविराम गतीमा साहित्यिक यात्रामा हिँडिरहने भण्डारी हाल पनि साधना सिर्जनामै तल्लीन रहेका छन् । उनको प्रथम पटक प्रकाशित कविता यस प्रकार रहेको छ :

पग्ली सेता हिमकणहरू- सूर्यको लाज मानी,

बन्दै झुल्का घरणि तलमा - बग्छ क्या स्वच्छ पानी,

जन्मी-हुर्की पतकरसँगै -धर्तीका कोखबाट,

सानो खोला कलकल गरी-बग्छ यो खोँचबाट"

बग्दा-बग्दै जब तल पुगी - बँसीको मार्ग लिन्छ,

ढुङ्गा-माटो-पतकर सबै -लाई छोडी बहन्छ ,

२५ ऐजन ।

बारी-पाखा-समतल धरा - सिञ्चन पानी दिएर,

मर्यादामा विचलित नभै - जान्छ खोला बगेर

खोलालाई  नद-जलधिमा - हुन्छ पुग्ने हतार,

ए, मान्छे हो ! नगर कहिल्यै - रोकिराख्ने विचार

साथी हाम्रो छ युग- युगको - मर्न जान्दैन खोला,

एकोहोरो गति छ यसको - फिर्न जान्दैन खोला

## २.९ सिर्जनाको मुख्य क्षेत्र

निर्मलकुमार भण्डारीको सिर्जनाको मुख्य क्षेत्र कविता विधा हो । कविता लेखनका साथै यिनले डोटली भाषामा पनि रचना सिर्जना गरेका छन् । प्रकृतिपरक र संस्कृतिपरक भावधाराको रचना सिर्जना गर्ने भण्डारीको सिर्जनाको मुख्य क्षेत्र कविता विधा नै हो ।

## २.१० स्वभाव र रुचि

### २.१०.१ स्वभाव

निर्मलकुमार भण्डारीको स्वभाव सहज र सरल रहेको छ । यिनी भद्र, शिष्ट, तथा शान्त र एकान्तप्रेमी स्वभावका छन् । बाल्यकालमा प्रारम्भिक शिक्षा पढ्दाखेरिको उमेरमा केहि चञ्चलता देखिए पनि उमेरको परिपक्वता र संवेदनशील परिस्थितिहरूका कारण यिनी विस्तारै चिन्तनशील र संयम अपनाउँदै आएका छन् । काल्पनिकता, भावुकता संवेदनशीलता, शिष्टता र शालीनता यिनको स्वभाव रहेको छ । साथीभाइ तथा इष्टभित्र र समाजका अगाडि साह्रै भद्रता अपनाउने भण्डारीको अन्तरमन पनि निश्छल र निष्कपट रहेको छ । समाज, परिवार र आफन्तप्रति यिनी निकै उदार र मिलनसार देखिन्छन्, मृदभाषिता र आत्मिक सहसम्बन्ध मनपराउने भण्डारीको स्वभाव उदाहरणीय देखिन्छ । नैतिकता, सच्चरित्रता र मर्यादा अनि अनुशासनका पक्षमा रहेका भण्डारीको बाल्यकालीन

स्वभाव र अहिलेको स्वभावमा केही भिन्नता देखिए पनि यिनको स्वभावमा उदारता आत्मीयता र प्रकृतिप्रेम सधैँ एकै रहेको छ ।[२६]

## २.१०.२ रुचि

निर्मलकुमार भण्डारीको रुचिमा अध्ययन सबैभन्दा बढी रुचिको विषय रहेको छ । आफूले उच्चशिक्षाको अभिलाषा पूरा गर्न नपाएको र अध्ययनमार्गमा विभिन्न अवरोधहरू खडा रहँदै आएकोमा यिनी खेद व्यक्त गर्दछन् । साहित्य सिर्जना, अध्ययन र चिन्तन मननमा यिनको निकै रुचि देखिन्छ । सामान्य खाना र सादा जीवन मन पराउने भण्डारीको रुचिका विषयहरू सामाजिक सेवा, शैक्षिक सेवा, पारिवारिक सन्तोष र सहयोग सद्भाव रहेका छन् ।[२७]

## २.११ भ्रमण

निर्मलकुमार भण्डारी डोटीको प्राकृतिक परिवेश जोरायलमा जन्मेका हुन् । व्यक्तिगत रूपमा घुम्ने समय हुँदाहुँदै पनि आर्थिक अभावले चाहेका क्षेत्रहरूमा भ्रमण गर्ने नपाएकोमा उनले निराशा व्यक्त गरेका छन् । उनको विदेश भ्रमण भारतको हरिद्वारसम्म मात्र सीमित रहेको छ । आफ्नो देशका क्षेत्र नेपालगन्ज र काठमाडौँतिर केही समयका लागि घुमफिर गरेका भए पनि स्वदेश तथा विदेश भ्रमणको रमाइलो पक्षको उनले महसुस गर्न पाएका छैनन् । भ्रमणको सन्दर्भमा निराशा व्यक्त गर्दै भण्डारीले भनेका छन् - "डोटी र कैलालीमै सीमित जिन्दगीले यदाकदा कार्यवश यो शरीरलाई नेपालगन्ज, काठमाडौं र भारतको हरिद्वार बाहेक अन्त कतै जान दिएको छैन । व्यक्तिगत रूपमा घुम्न जान पैसा भएका बेला भने जस्तो समय भएन भने यतिखेर समय छ तर अर्थ व्यवस्थाले साथ दिँदैन, त्यसैले आजीवन पिँजराको सुगाको संज्ञामा सम्बोधित छु म ।"[२८]

२६ धर्मराज भण्डारीका अनुसार ।
२७ निर्मलकुमार भण्डारीका अनुसार ।
२८ ऐजन ।

## २.१२ सम्मान तथा पुरस्कार

असल काम गरेकोमा र योगदान दिएकामा त्यस्ता व्यक्तिहरूलाई सम्मान तथा पुरस्कार दिएर अझ सिर्जनशील र सक्रीय बनाइन्छ । व्यक्तिलाई हौसला र प्रशंसा दिई अझ बढी लगनशील बनाउने गरिन्छ ।

निर्मलकुमार भण्डारीको साधना र सिर्जनाले साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदानका कारण विभिन्न संघसंस्था तथा अन्य क्षेत्रबाट उनले सम्मान तथा पुरस्कार प्राप्त गरेका छन्, तिनलाई निम्नअनुसार राख्न सकिन्छ :

- विद्यार्थी साहित्य प्रतिष्ठान कैलाली बहुमुखी क्याम्पसले प्रदान गरेको पुरस्कार र दोसल्ला-२०५५ ।
- २०४९ सालमा शिक्षा मन्त्रालय काठमाडौंले प्रदान गरेको पदक र प्रमाणपत्र, २०४९ ।
- २०५७ मा लक्ष्मीनगर गा.वि.स. ले प्रदान गरेको दोसल्ला र प्रमाणपत्र ।
- २०४७ र २०६१ मा जि.वि.स. डोटीले प्रदान गरेको नगद एवम् प्रमाणपत्र ।
- सूदूरपश्चिममाञ्चल साहित्य पुरस्कार २०६१ बाट प्राप्त नगद तथा दोसल्ला र प्रमाणपत्र ।
- कैलाली जनपुस्तकालय धनगढीले प्रदान गरेको दोसल्ला प्रमाणपत्र २०५८ ।
- चण्डेश्वरी युवा क्लव डोटीबाट दोसल्ला र प्रमाणपत्र २०५८ ।
- रेडियो, नेपाल क्षेत्रीय प्रशारण केन्द्र दिपायल डोटीले प्रदान गरेको प्रमाणपत्र २०५९ ।

## २.१३ उल्लेख्य घटना

आफू सानै छँदा काठको पाटीमा माटो हालेर बुवाले अक्षरसाधना गराउँदा सिक्न मन नगर्ने, रुने झन्झट मान्ने, पढ्नु नपरेको भए हुन्थ्यो जस्तो गर्ने, खेल्न उफ्रनमै मन

गर्ने, स्कुल जान डराउने, धेरै विद्यार्थी देखे डराउने, कक्षामा बस्न मन नगर्ने, बुबा अथवा ठुलदिदीले स्कुलमा पुऱ्याउन जानुपर्ने, उनीहरूले स्कुलमा पुऱ्याएर घर फर्केपछि आफू पनि केही छिनपछि रुँदै-रुँदै भागेर आउने, गाउँका साथीसँगी सँगै एकै कक्षामा भए पनि उनीहरूको भर नमान्ने, बुवा अथवा दिदीसँगै स्कुलमा बसिरहेपछि मात्र आफू बस्ने, उनीहरूले छोडेर आए आफूपनि उनकै पछि-पछि रुँदै घर आउन मन गर्ने उनको जीवनका उल्लेख्य घटनाहरू हुन् । यो क्रम कक्षा १ सम्म पढ्दा मात्र रह्यो तर पछि पढाइप्रति क्रमशः चाहना बढ्यो र एस्एल्सी सम्म बिनाअसफलताको अनवरत अध्ययन रह्यो । [२९]

२०४५ सालमा अध्यात्मिक पत्रिका गायत्रीसम्बन्धी **अखण्डज्योति** पढ्दा पंचायतकालीन पुलीस प्रशासनले गिरफ्तार गरेर डी.एस्.पी. समक्ष पुऱ्याएर चिसो खोरमा थुनेको, खाना नदिएको र पछि तत्कालीन जि.वि.स. सभापतिद्वारा मुक्त भएको  त्यसै जिल्लाबाट मुक्त भएर जोरायल गएपछि त्यहाँको पंच र पुलिस प्रशासने पुनः खेदो गर्न नछाडेको अवस्थामा पुनः केन्द्रस्तरीय नेताहरूबाट प्रहरी निकायसमक्ष गुनासो व्यक्त गरेपछि मात्र पुलिस प्रशासनले खेदो गर्न छोडेको उनको जीवनको उल्लेख्य घटना मानिएको छ ।[३०]

एकपटक गाउँकै मान्छेहरूले आफू भट्टीमा रक्सी पिएर भट्टीवालाले रक्सीमा पानी हालेर बेचेको प्रसङ्ग बनाई त्यो उजुरीमा उनको नाम प्रेषकमा राखी जि.प्र. का.मा पठाउँदा तत्कालीन मन्त्री नारायणदत्त भट्टले थाहा पाउँदा अनर्गल प्रचार गरेको भनि जिल्ला प्रशासनलाई भनेको र छुटकारा पाएको उनको जीवनको अर्को उल्लेख्य घटना मानिएको छ । [३१]

## २.१५ जीवनदर्शन र साहित्यिक अवधारणा

जीवनसम्बन्धीको दृष्टिकोण मान्छेअनुसार फरक-फरक रहेको हुन्छ । विभिन्न समस्या र परिस्थितिहरूको सामना गर्दै उतार-चढावको जिन्दगीमा रूमलीएका निर्मलकुमार भण्डारी जीवनलाई निराशा, पीडा र दुःख अनि वेदनाको सञ्जालको रूपमा लिन्छन् । संसारलाई नाट्यस्थलको रूपमा र मान्छेलाई पात्रको रूपमा लिने भण्डारीमा क्षणिक

२९ ऐजन ।
३० ऐजन ।
३१ ऐजन ।

सुखभोग र भौतिक भोगविलास भन्दा अध्यात्मिक चिन्तन र ईश्वरीय मार्गको अनुसरण गर्ने मानसिकता रहेको छ । जीवनलाई सद्मार्गी र कर्तव्यनिष्ठ बनाउन आग्रह गर्ने भण्डारीले दया, मानवता अनुशासन र नैतिकताको मार्गमा हिड्न अभिप्रेरित गरेका छन् । हृदयका कुविचार र दुर्भावनाहरूको निमिट्यान गरी धर्म, सेवा र सत्यताको बाटो पहिल्याउन आग्रह गरेका छन् ।

जीवन दर्शनका बारेमा आफ्ना भावनाहरूलाई उनले कविताका लयमा यसरी व्यक्त गरेका छन् :

यो संसार असार नाट्यस्थल हो मान्छे सबै पात्र हुन् ।

ती आफ्नो अभिव्यञ्जना क्षणिक नै देखाउने मात्र हुन् ॥

पर्दा बन्द भएर पात्र जसरी अल्पिन्छ नेपत्थ्यमा ।

त्यस्तै जीवनको पटावृत भए अल्पिन्छ मान्छे कहाँ ॥

यसैगरी उनले अर्को ठाउँमा भनेका छन् :

को हौ के गर्न आयौ क्षणिक जगमा जन्म पाइ मनुष्य ।

हाम्रो कर्तव्य के हो ? बुझ यति सबै कर्ममा लाग स्वच्छ ॥

यात्रा गन्तव्य लामो विकट पथको लोक परलोक तर्दा ।

मर्दामा साथ जाने अवयव कुन हुन् सम्झ ती काम गर्दा ॥

मानवजीवनको मर्म र उद्देश्य भनेकै मानवता दया, प्रेम, अहिंसा सत्यता र नैतिकता हो भन्ने भण्डारी कलुषित भावहरूलाई त्यागी मुक्तिको मार्गमा अगाडि बढ्नुपर्दछ भन्ने धारणा व्यक्त गर्दछन् ।

## तेस्रो परिच्छेद

# निर्मलकुमार भण्डारीको व्यक्तित्व

व्यक्तिको जीवनीका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपता वा अनुरूपताको निर्माण हो । एकरूपता भन्नाले सधैँ एकै किसिमको काम मात्र गर्नु नभई परिवेशअनुसारको एकरूपता भन्ने बुझिन्छ । वास्तवमा व्यक्तित्वको अभिप्रायः आफ्नो आन्तरिक स्वरूपलाई दृढ गराउनु पनि हो । प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट र गहन छाप छोड्न सक्नुपर्छ । यस अर्थमा व्यक्तित्वको अर्थले परिर्वतनशील भन्ने नभई प्रतिकूल स्थितिको अनुकूल चल्न सक्ने त्यो शक्ति सत्ता हो, जसले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन सहयोग गर्छ भन्ने बुझाउँछ । परिस्थिति अनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्रको प्रतिभा नै व्यक्तित्व हो ।[१]

### ३.१ व्यक्तित्वका विभिन्न पाटाहरू

व्यक्तित्व निर्माण कुनै पनि मानिसका जीवन-भोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडहरूले प्रमुख भूमिका खेलेका हुन्छन् । यसैगरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक सांस्कृतिक रुचि, पेसा, शिक्षादीक्षा आदिले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ । यी परिवेशबाट निर्मित व्यक्तिको व्यक्तित्वको निजी र सार्वजनिक गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसित सम्बद्ध कुरालाई निजी व्यक्तित्व भनिन्छ र त्यसका पनि आन्तरिक एवम् बाह्य गरी दुई उपवर्ग रहेका छन् । यसैगरी सार्वजनिक व्यक्तित्व भन्नाले समाजअनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नु भन्ने बुझिन्छ । साहित्यकारका सन्दर्भमा भने सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र सहित्येतर व्यक्तित्वजस्ता दुई वर्गमा विभाजन गरी हेर्न सकिन्छ । साहित्यिक व्यक्तित्वकै पनि स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व गरी दुई उपकोटि देखाउन सकिन्छ । स्रष्टाभित्र सिर्जना गरिएका साहित्यका विभिन्न विधागत अवस्था देखा पर्छन् भने द्रष्टाभित्र

---

१ दशरथ ओझा, **समीक्षाशास्त्र,** (दिल्ली : राजपाल एण्ड सन्, ई. १९७५), पृ. ३१ ।

समालोचना, समीक्षा, सम्पादन जस्ता कुरा पर्दछन् । साहित्यसँग सम्बद्ध नरही समाजका अन्य विविध पक्षहरूमा संलग्न रही गरेका यावत् कार्यहरूलाई साहित्येतर व्यक्तित्वभित्र राखेर हेरिन्छ ।

निर्मलकुमार भण्डारी नेपाली साहित्यको कविता विधाका एक सशक्त कवि हुन् । नेपाली भाषाका साथै डोटली भाषामा पनि विभिन्न विधामा कलम चलाएका कवि निर्मल साहित्यिक क्षेत्रका साथै विभिन्न सामाजिक सघंसस्था र समाजसँगको आवद्धताले उनी साहित्येत्तर व्यक्तित्वका रूपमा पनि परिचित छन् । उनका निजी (आन्तरिक तथा बाह्य) व्यक्तित्व र सार्वजनिक व्यक्तित्वका विभिन्न पक्षहरूबारे तल प्रस्तुत गरिएको छ ।

### ३.१.१ निजी आन्तरिक व्यक्तित्व

निर्मलकुमार भण्डारीको आन्तरिक व्यक्तित्व केलाउँदाखेरी यिनी सानै उमेरदेखि शान्त र भावुक प्रकृतिका मानिस थिए । मिलनासारिता, सहयोगी भावना र निश्छल स्वभाव भएका निर्मल सुरुसुरुमा केही चञ्चले स्वभावका देखिए पनि उमेर बढ्दै जाँदा गम्भीर एकान्त प्रेमी र प्रकृतिलाई माया गर्न थालेका थिए । हेर्दाखेरी नै शान्त गम्भीर र कुनै कुराको चिन्तन गरिरहेका यिन्को अनुहारले स्पष्ट देखाउँछ । यिनी विद्यार्थी जीवनदेखि नै सिर्जना साधनामा तल्लीन थिए । असमानता र मान्छेप्रति गरिने दुर्व्यवहार यिनलाई मन पर्दैनथ्यो । निर्मलको आन्तरिक व्यक्तित्व सहज, सरल, सहयोगी सिर्जनशील र अनि साधनारत देखिन्छ ।[३]

### ३.१.२ निजी बाह्य व्यक्तित्व

शारीरिक बनावट बाह्य व्यक्तित्वसँग सम्बन्धित हुन्छ । निर्मलकुमार भण्डारीलाई हेर्दाखेरि उनी गहुँगोरो वर्ण, मोटोघाटो शरीर, चिटिक्क मिलेको जिऊ र कता-कता भावनामा डुविरहे जस्ता देखिन्छन् । भण्डारी शारीरिक रूपमा अस्वस्थ र मानसिक रूपमा अलि चिन्तित देखिन्छन् ।[४]

---

३ निर्मलकुमार भण्डारीका भाइ टेकराज भण्डारीका अनुसार ।

४ शोधनायकसंगको प्रत्यक्ष भेटघाट अनुसार ।

नम्रता, शिष्टता, माधुर्यता र शालीनता उनका वैयक्तिक गुणहरू हुन् । सामान्य लुगा र सामान्य खाना मन पराउने उनको स्वभाव हो । भण्डारीको आन्तरिक व्यक्तित्वजस्तै अनुहार पनि चिन्तनमनन गरिरहेका जस्तो देखिन्छ ।[५]

## ३.२ सार्वजनिक व्यक्तित्व

मान्छे समाजमा बस्छ र समाजमै हुर्किन्छ । समाजलाई केही नँया रूप दिने असाधारण व्यक्तित्व सार्वजनिक व्यक्तित्व हो । निर्मलकुमार भण्डारीले बाल्यकालीन उमेर देखि सिर्जनाको फाँटमा पाइला चालेर संघसंस्था र सामाजिक कार्यमा महत्त्वपूर्ण योगदान दिएका छन् । त्यसैले निर्मलकुमार भण्डारीको व्यक्तित्वलाई साहित्यक र साहित्येत्तर दुई भागमा विभाजन गरी हेर्न सकिन्छ ।

### ३.२.१ साहित्यिक व्यक्तित्व

व्यक्तिको साहित्यिक व्यक्तित्व उसका कृतिका आधारमा पहिल्याइन्छ । साहित्यका विभिन्न विधाहरू कविता, कथा, नाटक, निबन्ध आदि विधागत योगदानबाट नै साहित्यक व्यक्तित्वको निर्धारण हुन्छ । निर्मलकुमार भण्डारीको साहित्यक व्यक्तित्वलाई पहिल्याउँदा उनी सिर्जना र साधनाको क्षेत्रमा औपचारिक रूपमा २०३८ सालदेखि तल्लीन रहेका छन् । नेपाली साहित्य साथै डोटेली लोक संस्कृतिसँग सम्वन्धित रचना सिर्जना गरेका भण्डारीले विभिन्न समीक्षा, संस्मरण, विवरण आदि लेखन कार्यमा संलग्नता जनाउँदै आएका छन् । साहित्यका धेरैजसो विधामा आफ्नो साधानालाई निरन्तरता दिइरहेका हुनाले उनको साहित्यिक व्यक्तित्व पनि छुट्टै किसिमको देखा पर्दछ ।

#### ३.२.१.१ कवि व्यक्तित्व

सानैदेखि कविता सिर्जनामा लागेका निर्मलकुमार भण्डारीको कलम अझ सशक्त बन्दै गएको छ । छन्दको मिठासपूर्ण प्रयोग गर्दै मीठोभाषामा कविता लेखन गर्नु उनको विशेषता रहेको छ । विद्यालयमा पढ्दै गर्दा साथी दौतरीहरूमाझ उनी कविता लेखन र श्रवण गर्दथे । त्यही समयदेखि चल्दै आएको उनको कलम अहिलेसम्म निरन्तर र अनवरत

---

५ ऐजन ।

रहेको छ । विभिन्न फुटकर कविता रचना र प्रकाशित गरी खण्डकाव्यसम्म सिर्जना गरेका कवि भण्डारीको कवित्व झन् बढ्दै गइरहेको देखिन्छ ।

कविका छओटा प्रकाशित कृतिहरूमा **कर्तव्य बोध एकीकृति सन्देश** (कवितासङ्ग्रह) **सावधान नयाँ युग आउँदै छ** (खण्डकाव्य) **वीरेन्द्र शोककाव्य** (खण्डकाव्य) **आरोग्य सन्देश सतक** (संक्षिप्त खण्डकाव्य) **चेलीबेटीको बह, व्यथा र बिलौना** (गीतिकाव्य) रहेका छन् भने अन्य प्रकाशित फुटकर रचनाहरू प्रशस्त भेटिन्छन् । कविताभित्रका भाव, सन्देश र अभिव्यक्तिले उनको कवि व्यक्तित्व स्पष्ट रूपमा झल्किन्छ ।

### ३.२.१.२ समालोचक व्यक्तित्व

सष्टा साहित्यकारका प्रकाशित कृतिहरूको समीक्षण, मूल्याङ्कन गरेका निर्मलकुमार भण्डारीको समालोचकीय व्यक्तित्व स्पष्ट हुन्छ । उनका समीक्षात्मक लेखहरूमा तीर्थराज जोशीको **पुष्पाञ्जली** कवितासङ्ग्रह, लेखनाथ पौड्यालको **बुद्धिविनोद**, मञ्जु वैरागीको कवितासङ्ग्रह, विष्णुभक्त जोशीको कवितासङ्ग्रह, माधव वियोगीको कवितासङ्ग्रह आदि रहेका छन् । उनको समालोचकीय चिन्तन गुणग्राही र प्रभाववादी रहेको हुन्छ ।

### ३.२.१.३ गीतकार व्यक्तित्व

निर्मलकुमार भण्डारीले डोटेली भाषामा तमाम फुटकर गीतहरूको रचना गरेका छन् । डोटेली भाषिकाका शब्द समेट्दै लेखिएका गीतहरूले डोटेली लोक सभ्यता र सांस्कृतिक जनजीवनको प्रत्यक्ष झल्को दिन्छन् । गीतका माध्यमबाट त्यहाँको जनजीवन र सांस्कृतिक पक्षको चित्रण गर्ने भण्डारीलाई गीतकार व्यक्तित्वका रूपमा पनि उभ्याउन सकिन्छ ।

## ३.३. साहित्येतर व्यक्तित्व

निर्मलकुमार भण्डारी साहित्यिक क्षेत्रका अतिरिक्त सामाजिक क्षेत्रमा पनि उत्तिकै सशक्त र कर्मशील देखिएका छन् । भण्डारीको साहित्येत्तर व्यक्तित्वका विभिन्न पाटाहरूलाई बुँदागत रूपमा राखेर सोही अनुरूप अध्ययन गरिएको छ ।

### ३.३.१ सामाजिक व्यक्तित्व

सामाजिक सेवामा संलग्न रहँदै आएका भण्डारी सामाजिक व्यक्तित्वका रूपमा परिचित छन् । समाजप्रतिको उनको गहिरो चिन्तन र सकारात्मक दृष्टिकोणले सामाजिक सुधार तर्फको सङ्केत गरेको छ । गाउँमा प्रौढ कक्षा सञ्चालन मार्फत शिक्षाको माध्यमवाट चेतनाको स्तर वृद्धि गर्नु तथा सामाजिक सद्भाव कायम राख्नु उनको महत्वपूर्ण पक्ष हो । विभिन्न सामाजिक क्रियाकलाप तथा धार्मिक कृत्यहरूमा देखिँदै आएको उनको योगदानले उनलाई एक सामाजिक व्यक्तित्वका रूपमा उभ्याएको छ ।

शिक्षा, स्वास्थ्य, खानेपानी, बाटोघाटो र देवालय निर्माणका क्षेत्रमा सक्रिय सहभागिता जनाउँदै आएका भण्डारीले सामाजिक क्षेत्रमा आफ्नो वेग्लै पहिचान कायम गरेका छन् ।

### ३.३. प्रकाशित/अप्रकाशित कृतिहरू

निर्मलकुमार भण्डारीका प्रकाशित, अप्रकाशित र कृतिहरूको विवरण यसरी दिइएको छ ।

**भण्डारीका प्रकाशित कृतिहरू**

**कर्तव्य बोध सन्देश** एकिकृत (कवितासङ्ग्रह)

**चेलीबेटीको बिलौना** (गीतिकथा, लोकसाहित्य)

**सावधान ! नयाँयुग आउँदै छ !** (खण्डकाव्य)

**वीरेन्द्र शोककाव्य** (खण्डकाव्य)

**आरोग्य सन्देश सतक** (संक्षिप्त खण्डकाव्य)

**अप्रकाशित रूपमा हाल पाण्डुलिपिमा सुरक्षित कृतिहरू**

'परिचय' कवितासङ्ग्रह

'डोटेली लोकगीत' (गीतमाला)

'परिवेशले सिर्जेका घाउहरू' (कवितासङ्ग्रह)

'द्वन्द्व पीडा' (कवितासङ्ग्रह)

'राष्ट्रिय पीडा' (कवितासङ्ग्रह)

'सन्तप्त जीवन' (कवितासङ्ग्रह)

'समाजको अभिनव रचना' (कवितासङ्ग्रह)

'अन्तर्ध्वनि' (कवितासङ्ग्रह)

'दोषी को ?' (कविता)

'राष्ट्रियता खै ?' (कवितासङ्ग्रह)

'आत्मकथा  जीवनवृत्त' (विविध)

'पत्र साहित्य' सद्भावना' (पत्रहरूको सँगालो) पाण्डुलिपि

'जोरायल एक परिचय' (ऐतिहासिक वृत्तान्त)

'जोरायल काठमाडौं' (ऐतिहासिक वृत्तान्त)

'मार्ग निर्धारण' (मुक्तकसंग्रह)

'पत्रभित्रका मीठा बोली' (मत-अभिमत)

'स्नेहील श्रद्धाञ्जली' (शोककाव्य)

## ३.४ परामर्शदातृ व्यक्तित्व

विभिन्न संघसस्थामा संलग्न रहेर सल्लाह सुझाव प्रदान गरी निर्मलकुमारले आफ्नो परामर्शदातृ व्यक्तित्वको  परिचय दिएका छन् । उनले परार्मश गरेका क्षेत्रहरूमा साहित्यिक

क्षेत्र र सामाजिक क्षेत्र दुबै पर्दछन् । यसरी उनको परामर्शदातृ व्यक्तित्वको पनि परिचय हुन्छ ।

## ३.५ जीवनी व्यक्तित्व र साहित्यलेखनका बीच अन्तरसम्बन्ध

निर्मलकुमार भण्डारीको जीवन संघर्षशील रहेको देखिन्छ । उनले आफ्नो जीवनमा गरेका अनुभव र पीडाहरूलाई साहित्यको माध्यमबाट प्रस्तुत गरेका छन् । साहित्यको कविता विधामा प्रवेश गरी कवितामार्फत आफ्ना जीवनका आरोह-अवरोह चाप प्रति-चापलाई यिनले व्यक्त गरेका छन् ।

यिनको सिर्जनामा समाजका विकृति, विसङ्गति र कुरीतिलाई हटाउनुपर्ने सन्देश व्यक्त भएको हुन्छ । नारी जीवनका पीडा, व्यथालाई यिनले कविता र गीतमार्फत व्यक्त गरेका छन् । समाज सुधार हुनु पर्ने, भातृत्व र समानताको समाज हुनुपर्ने सन्देश यिनका कवितामा पाइन्छ । देशप्रेम राष्ट्रियता र प्रकृतिप्रेम साथै सस्कृति संरक्षणको आवाज लिएका कवि निर्मलकुमार भण्डारीको व्यक्तित्व सिर्जना र साधनाका क्षेत्रमा अन्तरसम्बन्धित भएको छ ।

# चौथो परिच्छेद

# निर्मलकुमार भण्डारीका कृतित्वको अध्ययन

निर्मलकुमार भण्डारी नेपाली साहित्यको कविता विधा र डोटेली भाषामा विभिन्न रचना सिर्जना गर्ने प्रतिभा हुन् । यस परिच्छेदमा भण्डारीका प्रकाशित चारओटा कृतिहरूको समालोचनात्मक अध्ययन गरिएको छ ।

## ४.१ कर्तव्य बोध, सन्देश एकीकृत कवितासङ्ग्रहको विश्लेषण

प्रस्तुत कवितासङ्ग्रह कवि भण्डारीको प्रथम पटक प्रकाशित गरिएको कृति हो । वि.सं. २०५२ सालमा यसको प्रकाशन भएको हो । यस कवितासङ्ग्रहमा ४२ ओटा कविताहरू सङ्कलित भएका छन् । प्रत्येक कविताहरू छन्दमा लेखिएका छन् । यँहाचाँहि उक्त कवितासङ्ग्रहको साहित्यिक कविताहरूको विश्लेषणका क्रममा उपयोग गरिने कृतिगत सर्न्दभ, विषयवस्तु, छन्द विधान, उक्ति ढाँचा, संरचना, बिम्बालङ्कार, भाषाशैली, भावविचारका कोणबाट संक्षिप्त विश्लेषण गर्ने प्रयास गरिएको छ साथै प्रत्येक कविताहरूको संक्षिप्त विवेचना समेत गरिएको छ ।

### ४.१.१ विषयवस्तु

काव्य रचनाका लागि चयन गरिएको भाव, विचार, कथ्य वा वस्तुलाई नै विषयवस्तु, भनिन्छ । कविले आफ्ना रचनामा ब्राह्माण्डका सम्पूर्ण वस्तु, मानवीय अनुभव र अनुभूति, प्राकृतिक वस्तु, संस्कार र संस्कृतिजस्ता विविध पक्षलाई ग्रहण गरेर काव्य सिर्जना गर्दछ । काव्यमा प्रयोग गरिने विषयवस्तु जति सशक्त र उपयुक्त हुन्छ, कविता त्यति नै सशक्त र जीवन्त बन्दछ । जीवनजगत्का यावत् विषयमा कविता लेख्न सकिने भएकाले कवितामा विषयगत विविधता हुन्छ । जीवनभोगाइका क्रममा कविलाई उत्प्रेरित गर्ने वस्तु नै कविताको विषय बन्न सक्ने भएकाले विषयचयनमा कविहरू स्वतन्त्र हुन्छन् । विषयवस्तु कविता सिर्जनाको आधार भएकाले जीवनजगत्का विविध पक्षमा सत्य वा काल्पनिक परिवेश

चयन गरी कविता रचना गरिन्छ । यसैमा कविले आफ्नो जीवनदर्शन समेत समटेको हुन्छ ।[1]

कविले प्रस्तुत कविता संग्रह **कर्तव्यबोध सन्देश एकीकृत**मा सामाजिक, पौराणिक, सांस्कृतिक प्राकृतिक आदि विभिन्न पक्षहरूलाई विषयवस्तु भित्र समेटेका छन् । यसमा धर्म, दर्शन समाज र संस्कृतिका विभिन्न पक्षहरू विषयका रूपमा आएका छन् । समानता, न्याय र आर्दशका पक्षहरू पनि विषयका रूपमा लिइएको छ ।

### ४.१.२ लयविधान

कविता साहित्य अन्य विधाहरूमा पृथक् रहने एउटा मुख्य पहिचान लयात्मकता हो । कवितामा आधानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको संयाजनले लयात्मकता प्रदान गर्दछ । लय कवितालाई चिनाउने मुख्य आधार हो । कवितामा प्रयोग भएको लयले साङ्गीतिकता र श्रुतिमधुरताको सिर्जना गर्दछ ।

कवि निर्मलकुमार भण्डारीको कवितासङ्ग्रह “कर्तव्यवोध सन्देश एकिकृत” छन्दयुक्त कविताहरूको सँगालो हो । विशेष गरी शार्दूलविक्रीडित, मन्दाक्रान्ता, अनुष्टुप्, स्रग्धरा, शिखरीणी र वसन्ततिलका छन्दमा रचिएका उनका कविताहरू लयात्कताको दृष्टिकोणले महत्त्वपूर्ण ठहरिन्छन् । पद्ययुक्त कवितासङ्ग्रह **कर्तव्यबोध सन्देश एकीकृत**मा सबैभन्दा बढी मात्रामा मन्दाक्रान्ता छन्दले स्थान ओगटेको छ भने तीनओटा कविताहरूमा छन्द मिश्रण भएको भेटिन्छ । अन्त्यानुप्रासको उचित संयोजन गरी लयात्मकतामा विशेष ध्यान पुऱ्याएर लेखिएका उनका कविताहरू श्रुतिमाधुर्यताले महत्त्वपूर्ण देखिएका छन् । अन्त्यानुप्रासको सुन्दर समायोजन गरीएको कवि शिवपुर शीर्षकका कविताको एक अंश यहाँ उद्धृत गरिएको छ :

शिक्षा पाए कति सुजनले वर्ष धेरै अगाडि

पढ्दै छन् रे नवशिशु सदा नित्य बढ्दै अगाडि

पढ्लान् धेरै सुजनहरूका बालिका बाल भोलि

१ वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग ४** (ललितपुर : साझा, प्रकाशन, २०५३), पृ. २० ।

सेवा गर्लान् बुध सब बनी राष्ट्रका रत्न भोलि

आद्यानुप्रासको समायोजन गरी लेखिएको उन्को कविता नवबिहानीको एक अंश :

यै हो बेला युग बदलिने, बिचको सन्धिकाल

यै हो बेला सघन तमको सिद्धिने अन्त्यकाल

यै हो बेला नवयुग 'रवि' भुल्कने पूर्व व्योमा

ए मान्छे हो उठ अव जुटौँ शक्तिको साधनमा

## ४.१.३ उक्तिढाँचा

कथनपद्दति वा उक्ति ढाँचा पनि कविताको लागि महत्वपूर्ण तत्त्व मानिन्छ । साहित्यिक कृतिको कथन वर्णनको सम्पूर्ण संरचना उक्ति ढाँचा हो । कविता छन्दयुक्त र छन्दमुक्त गरी २ किसिमबाट लेख्ने गरिन्छ । भाषाशैलीले भाव र विषयवस्तुका वीच समायोजित भूमिका खेल्ने गर्दछ । कुनै विषयमा भाव प्रकट गर्नका लागि अपनाइने माध्यम र त्यस माध्यमलाई प्रष्ट्याउने तरिका भाषाशैलीले प्रकट गर्दछ ।

कवि निर्मलकुमार भण्डारीको प्रस्तुत कवितासङ्ग्रह **कर्तव्यबोध सन्देश एकीकृत**मा संकलित कविताहरूको भाषाशैली निकै सरल, सहज, सम्प्रेष्य र बोधगम्य रहेको छ । क्लिष्ट दुरुह र दुर्बोध्य शैली नअपनाई सहजता किसिमले प्रकट गरिएको भाषाशैली प्रत्येक कविताहरूमा देखिएको छ । भावको अनुकूल हुने गरी सहज ढङ्ग भावानुभूति व्यक्त गरी लेखिएका कविताहरूमा सुकोमला, सुललितता र सुगठितता आदि पक्षहरू समाविष्ट भएका छन् ।

## ४.१.४ संरचना

कुनै पनि वस्तुको निर्माणात्मक तत्वहरूको पारस्परिक सम्बन्धको समष्टिलाई सरंचना भनिन्छ । साहित्यिक कृतिलाई आकृति प्रदान गर्ने सम्पूर्ण अवयवहरूको योग संरचना हो । बाह्य संरचनाले कवितामा हरफ, पाउ वा लय विधानलाई बुझाउँछ

भने आन्तरिक संरचनाले चाहिँ कविताको कथन पद्धति, भावविधान र छन्द ढाँचाभित्रको अन्तर्लयलाई समेत बुझाउँछ । आन्तरिक संरचना भावविचारको उठान र रागाात्मक अभिव्यक्तिसँग सम्बन्धित भएकाले यसले भाषाशैली, भावविचार र रूप तत्वलाई गतिमय बनाउँछ । कविताको संरचना आफ्नो हुन्छ, यो विना कृति निर्माण हुन सक्तैन । संरचना कविको निजी विशेषता भएकाले यो प्रत्येक कविपिच्छे फरक हुन्छ ।[३]

कवि निर्मलकुमार भण्डारीको कवितासङ्ग्रह **कर्तव्यबोध सन्देश एकीकृत**मा संकलित कविताहरूको संरचनात्मक पक्षलाई केलाउनुपर्दा यस् कृतिमा लामा छोटा गरी जम्मा ४२ ओटा कविताहरू सङ्कलित रहेका छन् । छन्दको उचित ध्यान राखि कविता सिर्जना गर्ने कवि भण्डारीका यस संग्रहमा प्रकाशित सम्पूर्ण कविताहरू आकारका दृष्टिले एकनासका पाइँदैनन् । कुनै कविताहरूले लामो आकार ओगटेका छन् भने केही कविताहरू छोटा र केही मझौला आकारमा संरचित भएका छन् । हरफ र अन्त्यानुप्रासको संरचनामा भने कविले निकै सावधानी अपनाएका छन् । 'धुम्रपान' शीर्षकको कविता यस कृतिको सबैभन्दा सानो आकारमा लेखिएको कविता हो । यसमा चार हरफहरूको एक, अनुच्छेदमात्र संरचित भएको छ । 'छैन केही निशानी', 'बाँचेर पो के भयो' र 'आसु' शीर्षकका कविताहरू मझौला आकारमा लेखिएका छन् भने 'नवबिहानी', 'शहीदप्रति श्रद्धाञ्जली', 'मानिस ठूलो कर्मले हुन्छ जातले होइन', 'शून्य', 'वन तथा वन्यजन्तुको पुकार', 'निस्सार जीवन', 'भानुको प्रकाश मोतीको प्रयास र हाम्रो आभार', 'पूज्य गुरुको अन्तिम सन्देश', 'कथागुरुको कला शिष्य'को लामो आकारमा संरचित कविता हुन् । कवितासङ्ग्रहमा सबैभन्दा लामो कविता 'कथा गुरुको कला शिष्य'को शीर्षकको कविता रहेको छ । कविताका पंक्तिको आकार भने लामो छोटो नभई उचित समायोजन भएका छन् । कृतिभित्रका सम्पूर्ण कविताहरू छन्दोबद्ध रहेकाले हरफहरूमा असमानता नभई एकरूपमा भएको देखिन्छ ।

कवि निर्मलकुमार भण्डारीको कवितासङ्ग्रह **कर्तव्यबोध सन्देश एकीकृत**मा संकलित कविताहरू कहीं आत्मालापीय एकालापीय प्रस्तुतिमा प्रथमपुरूष 'म' को कोणबाट अभिव्यक्त भएका छन् भने कही प्रथमपुरूष 'हामी' का कोणबाट सिर्जित छन् । कविले यस कवितासङ्ग्रहमा कथनका भिन्ना-भिन्नै उक्तिढाँचाको प्रयोग गरको भेटिन्छ । केही कविताहरू द्वितीय पुरुष 'तिमी' को संवोधन गरेर लेखिएका छन् । प्रथमपुरुष 'म' को प्रयोग

३ बासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १८ ।

गरी आत्मालापीय शैलीमा प्रकट उनका कविताहरूमा प्रेयसीसँग, अनित्य जीवन, अपरिमित चिन्तन, एक तपस्वीको अज्ञात यात्राको अनुभूति कविताहरू रहेका छन् । विद्यार्थीहरूलाई उपदेश, सदपरामर्शजस्ता कविताहरूमा 'तिमी' लाई सम्बोधन गरी तृतीय पुरुष पद्दतिको प्रयोग गरिएको भटिन्छ । समग्रमा भन्दा कविताको यस कृतिमा कवि प्रौढोक्ति र कविनिवद्ध वक्रप्रौढोक्ति दुबैथरिका उक्ति ढाँचाको प्रयोग गरेको भेटिन्छ ।

### ४.१.५ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली भनेको नयाँ ढङ्ग हो । साहित्य लेखनका लागि पनि भाषाको जरुरत हुन्छ । भाषिक माध्यम अँगाल्ने वस्तुका रूपमा साहित्यलाई लिइन्छ । सृष्टाले मनभित्र आविर्भाव भएका अनुभूत पक्षहरूलाई भाषाका माध्यमबाट अभिव्यक्त गर्दछ । हृदयका रागात्मक भाषाका माध्यमबाट अभिव्यक्त गर्दछ । हृदयका रागामक र भावात्मक पक्षहरूलाई कविले कविताका माध्यमबाट प्रकट गर्दछ । निर्मलकुमार भण्डारीका कवितासङ्ग्रह **कर्तव्यबोध सन्देश एकीकृत**भित्र प्रणयमूलक कविताहरूमा प्रेयसीसँग, प्रगाढप्रेम, तिमिलाई सम्झँदा, गङ्गाकी परी, नवदुलहनसँग, पर्दछन् । उनको यस कवितासङ्ग्रहमा प्रकृतिसँग सम्बन्धित कविताहरूमा पापी हिउँद, माघ, नव बिहानी, धर्ती, बिहानी वातावरण, पर्दछन् । जागरण र सन्देशपरक अभिव्यक्ति रहेका कविताहरूमा सदापरामर्श, गाउँतिर फर्क, यी दुष्प्रवृतिहरू हटाइदेऊ विद्यार्थीहरूलाई उपदेश, अभिमानी नवन, वन तथा वन्यजन्तुको पुकार, मानिस कर्मले ठूलो हुन्छ जातले होइन, कर्तव्बोध, र बाँचेर पो के भयो रहेका छन् । ईश्वरीय आस्था र चिन्तन अनि अध्यात्मिक पक्षहरू लिएर भगवद्भक्ति गुरुप्रतिको आस्थाजस्ता विषयहरूमा कथागुरुको कला शिष्यको, सरस्वती आराधना, कृष्ण भक्ति शीर्षकका कविताहरू पर्दछन् । ग्रामीण परिवेश, रमणीय, स्थल र श्मरण गरी लेखिएका कविताहरूमा शिवपुर, उच्चाकोटिमा पर्दछन् । आफ्नो जीवन र समग्रमा मानवजीवनलाई नै लिएर जीवनका निस्सारता र निरसतालाई विषय वनाएर लेखिएका कविताहरूमा अनित्य जीवन अपरिमित चिन्तन, 'आँसु', एक तपस्वीको अज्ञात यात्रा अनुभूति, निस्सार जीवन, छैन केही निशानी, शून्य शीर्षकका कविताहरू रहेका छन् । देशप्रेम राष्ट्रियता र वीरहरूको वलिदानप्रति नतमस्तक बनी श्रद्धा प्रकट गरिएका कवितामा सहीदप्रति श्रद्धाञ्जली शीर्षकको कविता रहेको छ । अग्रज साहित्यकारहरूप्रति आभार व्यक्त गरिएको कविता 'भानुको प्रयास मोती' को प्रकाश र हाम्रो आभार रहेको छ ।

### ४.१.६ भाव र विचार

कवि निर्मलकुमार भण्डारी सामाजिक यथार्थता र काल्पनिक भावधारामा कविता सिर्जना गर्ने कवि हुन् । समाजका आडम्बर रूढि संस्कार र अन्धपरम्पराप्रति झटारो हान्दै, मानवीय सेवा सद्भाव भातृत्व-भगीनित्व समानता र सौहार्द्रताका लागि आह्वान गर्ने कवि भण्डारी सुधारोन्मुख बाटोमा हिँड्न अभिप्रेरित गर्दछन् । उनका कविताहरूमा धर्म, संस्कृति, जीवन, जगत र दर्शनको मिश्रण भएको भेटिन्छ । ईश्वरप्रतिको गहन आस्था, भौतिक नाशवान् जीवन र मान्छेले गर्ने कुकर्मप्रतिको वितृष्णा आदि पक्षहरू लिएर सिर्जना गर्ने कवि भण्डारीका कविताको विषयवस्तुको सेरोफेरोमा मानवजीवन, मृत्युपछिको अभिव्यञ्जना र मृत्युपश्चातको सेरोफेरोसमेत पर्दछन् । लोभ, लालच क्रोध र घृणाजस्ता पक्षहरूलाई अन्तगरी विश्वास, सद्भाव र सहचार्यको मार्गमा हिड्न अनि हिडाउन मन पराउने कविको सिर्जना समानता र न्यायिक समाज प्रति उनी अझ बढी झुकाव राख्ने गर्दछन् । राष्ट्रियता र वीरताको गुणगाथा गाउने कवि भण्डारीले वीरहरूको बलिदान र सहिदप्रतिको श्रद्धालाई कवितामा अभिव्यक्त गरेका छन् । देशप्रेम, माटोप्रतिको ममता र राष्ट्र सेवकहरूप्रति आदर भाव प्रकट गरेर उनले विभिन्न कविताहरूको रचना गरेका छन् । हिंसा हत्या र आतङ्कबाट नभई सदाचारिता र नीतिनियमको परिपालनले समाजको परिवर्तन गर्ने चाहना, अध्यात्मिक गुरुप्रति पनि उनले उत्तिकै आदर भाव व्यक्त गरेका छन् । शान्त निश्छल र एकान्त वातावरणको ग्रामीण परिवेश र प्राकृतिक, सम्पदाहरूप्रतिको दृष्टिकोणलाई उनले कवितामा व्यक्त गरेका छन् । शैशवकालीन स्मृति र सेरोफेरोका विषयलाई पनि उनले समेटेका छन् । माया, प्रेम संयोगका विविध पक्षहरूलाई मिसाएर शिष्ट शैलीमा प्रणयमूलक अनुभूतिलाई पनि कविले कवितामा दर्साएका छन् ।

उनले सबैभन्दा बढी त कर्म र कर्तव्यको बारेमा सन्देश प्रकट गरेका छन् । मान्छेले गर्ने सुकर्म र कुकर्मका सम्पूर्ण पक्षहरूलाई उभ्याउँदै कुकर्मको पराजय हुने र सुकर्म चिरस्थायी रहने कुरामा उनले विशेष जोड दिएका छन् । सेवा र सद्भावको पक्षमा उनी सबैभन्दा बढी देखिन्छन् ।

### ४.१.७ कर्तव्यबोध, सन्देश एकिकृत कवितासङ्ग्रहभित्र सङ्कलित कविताहरूको भाव

**१. सदपरामर्श**

प्रस्तुत कवितामा कविले बिहानीको झलमल्लतामा निन्द्राबाट ब्युँझिएर सद्कृत्य गर्ने अनि ईश्वरीय आस्थातर्फ लाग्न र दुर्व्यवहारहरू छोडी सद्चिन्तन गर्नका लागि आह्वान गरेका छन् । यसमा उनले सदमार्गतर्फ अग्रसर हुन जोड दिएका छन् । अल्छी र आलस्यजस्ता दुर्गुणहरू फाली सिर्जनशीलताको अभियानमा जुट्नका लागि उनले सन्देश व्यक्त गरेका छन् ।

**२. पापी हिउँद**

प्रस्तुत कवितामा कविले हिउँदको जाडो, ठण्डीले सताउने कुरा देखाएका छन् । डाँडाकाँडाहरू पनि उराठ र उजाड लाग्ने अनि हिउँद छिटो भागोस् भन्ने गाउँटोलका मान्छेहरूको अभिलाषालाई कवितामार्फत व्यक्त गरेका छन् ।

**३. सहिदप्रति श्रद्धाञ्जली**

प्रस्तुत कवितामा कविले क्रान्तीकारी अतीतको स्मरण गर्दै आत्मबलिदान गर्ने सहिद प्रति श्रद्धासुमन व्यक्त गरेका छन् । राष्ट्र र राष्ट्रियताका लागि जीवन गुमाउने वीरहरूको वीरताको प्रशंसा गरेका छन् । निरङ्कुशताको अन्त भएर प्रजातन्त्र अभ्युदय भएको सुनौलो क्षणको महिमागान गरेका छन् । राष्ट्रका लागि सपूत कहलाइएका व्यक्तिहरूलाई श्रद्धा व्यक्त गर्दै वीरगाथाहर वीर्सन नसकिने कुरा यसमा व्यक्त गरिएको पाइन्छ । सहिदहरूका राता र ताता रगतकणहरूले राष्ट्र रङ्गिएको छ भन्दै हामीले सहिदप्रति सच्चा निष्ठाभाव राख्नुपर्ने कुरा उनले व्यक्त गरेका छन् ।

**४. माघ**

प्रस्तुत कवितामा हिममय झरी र ठन्डी अलि कम भएर दिनहरू लम्बिएका छन् भन्दै प्रकृतिले नवीनता लिएर खोँच, खोला र फाँटहरू बदलिएका अनि खेतवारीहरू हराभरा भएको कुरा व्यक्त भएको छ । धार्मिक अनुष्ठान र पूजा-आजाको समय भित्रिएको भन्दै माघलाई धर्मी महिनाको रूपमा लिइने कुरा यसमा व्यक्त गरिएको छ ।

## ५. आमाको सम्झना

प्रस्तुत कवितामा कविले आमाको महिमागान गर्दै आमा नभएपछिको अवस्थाको काल्पनिक चित्रण गरेका छन् ।

## ६. नव बिहानी

यस कवितामा कविले नयाँ विहानीको आरम्भमा इशको वन्दनामा जुट्न अनि विकृत गुणका कार्यमा न अल्झीन सन्देश व्यक्त गरेका छन् । बिहानीको समयमा गिरिशिखर अनि ऋषिमुनिहरू ध्यानमा मग्न मस्त हुन्छन् भन्दै मान्छेलाई निंदका नयन खोलेर ब्युँझन आह्वान गरिएको छ ।

## ७. अनित्य जीवन अपरिमित चिन्तन

प्रस्तुत कवितामा कविले आफ्नो बाल्यकालीन परिवेश देखिको चित्रण संक्षिप्त किसिमले दर्साएका छन् । आफ्नो धोको र चाहनाअनुरूपको जीवन नभएको भन्दै निस्सार जीवनको भुँवरीमा अलमलिएको भावना प्रकट गरेका छन् । कविले यसमा आध्यात्मिक पक्षको चिन्तन गर्दै यात्रा अविश्राम भएको भाव व्यक्त गरेका छन् ।

## ८. धर्ती

यस कवितामा कविले धर्तीको महिमागान गरेका छन् । धर्ती स्वच्छ राख्नुपर्छ भन्ने भावनाका साथ धर्तीलाई जन्मभूमि, कर्मभूमि, मर्त्यभूमि र स्वर्गभूमि गरी चार क्षेत्रमा बाँडेका छन् । मान्छे जन्मिने जन्मभूमि, सपूतहरू र वीरताको कर्मभूमि, प्रलयहरूमा अल्पिने मर्त्यभूमि र सुखदस्थलको स्वर्गभूमिको रूपमा धर्तीलाई देखाइएको छ । ज्ञान, विज्ञान र व्यावहारिक जीवनका समस्त पक्षहरू यसमै समाविष्ट भएका छन् भन्दै धर्तीलाई असल आँखाले हेर्नुपर्ने सन्देश यसमा व्यक्त भएको छ ।

## ९. गाउँतिर फर्क

यस कवितामा कविको ग्राम्य जीवनको सुखद अनुभूति र पुरातन स्थल अनि जन्मभूमिप्रतिको असीम अनुराग व्यक्त भएको छ । गाउँ छोडेर सहर पसेकाहरूलाई त्यहाँका

वनपाखा र डाँडाखोलाहरूले बोलाइरहेको छ भन्दै अहिले गाउँ उजाडउराठ भएर मौनता छाएको  भावना व्यक्त भएको छ ।

### १०. यी दुष्प्रवृत्तिहरू हटाइदेऊ

यस कवितामा कविले धुम्रपान, मद्यपानजस्ता कुलतहरू त्याग्न आग्रह गर्दै यस्ता विकृत, विसङ्गत पक्षले सामाजिक संरचनामा ठूलो आघात पुऱ्याउने कुरा जनाएका छन् । मान्छेले सद्‌गुणतर्फ आकृष्ट हुनुपर्ने अनि अवगुण र दुर्व्यवहारको निर्मूलीकरणका लागि अभियान सञ्चालन गर्नुपर्ने कुरमा जोड दिएका छन् ।

### ११. सरस्वती आराधना

प्रस्तुत कविता सरस्वतीको आराधना उपासना र शक्तिको महिमामा लेखिएको छ । ज्ञानविज्ञानका शाखा-प्रशाखा सवैतिर सरस्वतीको बास छ भन्दै वसन्त ऋतुको स्वर्णिम आभासँगै सरस्वतीको उद्‌भव भएको भनिएको छ । विद्या विनाको व्यर्थ जीवन अनि सारहीन जिन्दगीको चर्चा गर्दै बोझिलो जिन्दगीको चित्रण यसमा रहेको छ ।

### १२. तराईको वर्तमान स्थिति र भावी अवस्था

यस कवितामा कविले नेपालको तराई प्रदेशको तत्कालीन स्थिति र भविष्यमा हुन सक्ने तमाम दुर्घटनाहरूको काल्पनिक चित्रण गरेका छन् । मानिसहरूको बढ्दो जनसंख्याको चाप र वनकटौतीले हुनसक्ने भू–क्षय र ध्वंसात्मक क्रियाकलापले  निम्त्याउने डरलाग्दा घटनाको कल्पना यस कवितामा देखिन्छ ।

### १३. शिवपुर

प्रस्तुत कविता डोटीको शिवपुर क्षेत्रको प्राकृतिक सौन्दर्यसँग निकट रहेर लेखिएको हो । विभिन्न देव-देवीका स्थल र धार्मिक क्षेत्रका रूपमा परिचित शिवपुर डाँडाको वरिपरिको चित्रण गर्दै ज्योति छर्ने बिहानको रूपमा यसलाई  लिइएको छ ।

## १४.  प्रगाढ प्रेम

यो कविता प्रणय प्रसङ्गमा लेखिएको हो । नजरको जुधाइ वियोगको क्षण र बल्फिने घाउहरू अविस्मरणीय रहेको कुरा कवितामा अभिव्यक्त भएको छ ।

## १५.  बिहानी वातावरण

प्रस्तुत कवितामा कविले बिहानीको सुन्दर वातावरणको रमणीय ढङ्गमा चर्चा गरेका छन् । विहानीको वातावरणलाई नवीनताको संज्ञा दिंदै यो  समयलाई शुभ्र, शान्त र स्निग्ध हो भनेका छन् । आलस्यमा नवसी सिर्जना र कर्मपथमा लाग्न सन्देश प्रकट भएको छ ।

## १६.  आँसु

यस कवितामा कविले आँसुलाई विभिन्न प्रतीकको रूपमा उभ्याएका छन् । मान्छेको अन्तरात्माको रोदन प्रकट गर्ने माध्यमका रूपमा आँसुलाई लिइएको छ ।

## १७.  विद्यार्थीहरूलाई उपदेश

प्रस्तुत कवितामा कविले विद्यार्थीहरूलाई उपदेश दिएका छन् । समयको महत्त्व र लगनशीलता अनि विद्यार्थीका कर्तव्यहरूको बारेमा कविले वोलेका छन् । नीति, अनुशासन, र मर्यादाका कुराहरू यस कवितामा व्यक्त भएका छन् ।

## १८.  कथा गुरुको कला शिष्यको

यस कवितामा कविले भारतको आगराक्षेत्रमा जन्मेका गायत्री मन्त्रका प्रचारक श्रीराम शर्मा आचार्यका बारेमा लेखेका छन् । गुरु श्री राम शर्मा र शिष्यहरूको कलाका सम्बन्धमा यसमा चर्चा गरिएको छ । श्रीराम शर्माको जीवनका महत्त्वपूर्ण घटनासँग सम्बन्धित भएर प्रस्तुत कविता रचिएको छ ।

पूज्य गुरुदेवको अन्तिम सन्देश यस कवितामा श्रीराम शर्माको सन्देशलाई कविले व्यक्त गरेका छन् । सवैलाई आफ्नो मार्गमा आउन गरेको श्रीराम शर्माको आह्वानलाई

कवितामा प्रस्तुत गरिएको छ । आध्यात्मिक चिन्तनसँग सम्वन्धित भएर आएको  छ यो कविता ।

## १९. उच्चाकोट

यस कवितामा डोटी जिल्लाको उच्चाकोटको वातारणीय परिवेश र मानवीय स्वभाव अनि व्यवहारहरूको चर्चा गरिएको छ । शिक्षा, सभ्यता र संस्कृतिको चर्चा गर्दै सुनौलो भविष्यको काल्पनिक धरातलमा कवि डुबेका छन् । उच्चाकोटको प्राकृतिक वातावरण र शैक्षिक क्षेत्रको मुल्याङ्कन कविले गरेका छन् ।

## २०. भानुको प्रयास मोतीको प्रकाश र हाम्रो आभार

प्रस्तुत कविता कविले नेपाली साहित्यका आदिकवि भानुभक्त, युवाकवि मोतीराम भट्ट र साधकको आभारमा  केन्द्रित गरेर लेखेका छन् । भानुको प्रयास र मोतीको प्रकाशले नेपाली साहित्यमा पुऱ्याएको अतुलनीय योगदानको वर्णन गरिएको छ । भानुभक्त र मोतीरामको प्रशंसामा यो कविता केन्द्रित रहेको छ ।

## २१. अभिमानी नवन

यस कवितामा कविले नम्रता, शुशीलता, मिष्ठता र सद्गुणको चर्चा गदै अभिमानी बन्नुहुँदैन भन्ने सन्देश दिएका छन् । अभिमान मान्छेको अवगुण हो  भन्ने भाव कवितामा व्यक्त भएको छ ।

## २२. निस्सार जीवन

यस कवितामा कविले जीवनलाई शून्य अर्थहीन निस्सार हो भन्दै मानवीय देहलाई पञ्चतत्त्वको रूपमा स्विकारेका छन् । जैवनिक अभीनय र गतिविधिको चर्चा यस कवितामा भएको छ ।

## २३. अमरआत्माको अनुभव

यस कवितामा कविले आत्मालाई अमरत्वको रूपमा स्वीकार गर्दै मान्छेको मृत्युपश्चात आत्माले गर्ने अनुभवको काल्पनिक चित्रण गरेका छन् । पुनर्जन्मप्रतिको दरिलो विश्वास र मानवीय आत्माको अमरताको चित्रण यस कवितामा गरिएको छ ।

## २४. तिमीलाई सम्झँदा

यस कवितामा कविको प्रणयभाव व्यक्त भएको छ । माया, प्रेमको प्रसङ्ग यसमा व्यक्त भएको छ । हृदयको सम्वन्धलाई दर्शाउदै संयोग र वियोग अनि सुमधुर सम्झनाका कुराहरू यस कवितामा आएका छन् ।

## २५. सिन्दुर शोभा

यस कवितामा कविले विशेषगरी वैधव्य जीवनमा बाँच्नु परेकी नारीको कारूणिक चित्र उतारेका छन् । सिन्दुरलाई शोभादायक वस्तुका रूपमा लिइएको छ । यसमा एक्लो जीवन बाँच्नु परिरहेकी नारीको अन्तररोदन व्यक्त भएको छ ।

## २६. वन तथा वन्यजन्तुको पुकार

प्रस्तुत कवितामा कविले वन र वन्यजन्तुप्रति मान्छेले गरेका अमानवीय व्यवहारको बारेमा वर्णन गरेर लेखेका छन् । धर्तीमा बाँच्ने अधिकार मानवेत्तर प्राणीलाई पनि छ भन्दै मान्छेलाई स्वार्थी, दुर्गुणी र दुराचारी नभई गलत क्रियाकलापहरू छोड्न आग्रह गरेका छन् । प्रस्तुत कवितामा वासन्तिक हराभरालाई उराठ, उजाड र मरूभूमि तुल्याउने मान्छेका निकृष्ट व्यवहारप्रति निन्दा पनि गरिएको छ ।

## २७. गङ्गाकी परी

यस कवितामा कविले गङ्गगामा स्नान गरीरहेकी युवतीको शारीरिक सुन्दरताको वर्णन गरेका छन् । सुन्दर तलाउ र नदी किनार युवतीकै सुन्दरतामा रङ्गीएको छ भन्दै सविस्तार वर्णन गरिएको छ । युवतीलाई गंगाकी परीको रूपमा देखाएर उनकै स्नेह र आत्मभावमा कविले आफ्नो कलम दौडिएको भाव व्यक्त गरेका छन् ।

## २८. छैन केही निशानी

यस कवितामा कविले मान्छेको जिन्दगी घडी, पला र यामहरूमा दिनानुदिन ढल्किरहेको भाव व्यक्त गरेका छन् ।

## २९. शून्य

प्रस्तुत कवितामा कविले सारहीन जिन्दगीको चर्चा गरेका छन् । हाँसो, रोदन, हर्ष, विस्मात् आदि घटनाक्रमहरूमा बारेमा कविको भाव व्यक्त भएको छ । यो जीवनको शून्यता बोध भएको कविता हो ।

## ३०. कृष्णभक्ति

यस कवितामा कृष्णभक्तिको महिमागान गरिएको छ । कृष्णको चरित्र र लीलाहरू यस कवितामा समावेश भएका छन् । श्रीमद्भगवद्गीतामा कृष्णका बारेमा भनिएको सारलाई कविले कवितामा व्यक्त गरेका छन् । कृष्णको कुल र वंशपरम्पराको आंशिक चित्रण यस कवितामा गरिएको छ ।

## ३१. नव दुल्हनसँग

यस कवितामा कविले नव दुलहीप्रतिको आफ्नो प्रणयभाव व्यक्त गरेका छन् । यो कविता दुलहीका रूप रङ्ग र सौन्दर्य वर्णनमा आधारित भएको छ । यसमा प्रेमको गहकिलो ढङ्गमा चित्रण गरेर लेखिएको छ ।

## ३२. मानिस कर्मले ठूलो हुन्छ जातले होइन

प्रस्तुत कवितामा कविले मान्छेलाई जातले नभएर कर्मले ठूलो सानो छुट्याउने कुरा व्यक्त गरेका छन् । असल कर्म र व्यवहारले अनि सत्पथ र सुकर्मले मान्छे कीर्तित्व कायम गर्न सक्छ भन्दै दुराचार र व्यभिचारहरू त्याग्नु पर्ने सन्देश अभिव्यक्त गरिएको छ ।

### ३३. धुम्रपान

यो कवितामा कविले धुम्रपान मान्छेको शत्रु र बैरी भएको कुरा व्यक्त गरेका छन् । मान्छेको जिन्दगी अमूल्य रहेको तर धुम्रपानले छिट्टै नासिने हुन्छ भन्दै धुम्रपानलाई विषको संज्ञा दिएका छन् ।

### ३४. कर्तव्यबोध

प्रस्तुत कवितामा कविले कर्तव्य बोध गराएका छन् । कवितासङ्ग्रहको शीर्षकवाट यो कविता लेखिएको छ । यस कवितामा निश्चित उद्देश्य लिएर कर्मपथमा हिड्न र मानवोचित कर्महरू गर्न सन्देश  दिइएको छ ।

### ३५. बाँचेर पो के भयो

यस कवितामा कविले निस्सार जीवन बाँच्नु व्यर्थ हो भनेका छन् । केही समय पछाडि सत्य युगको आगनमन हुने र दुष्यप्रवृत्तिहरू नासिने कुरा व्यक्त गर्दै धर्तीमा सद्कृत्य थालिने आसाभाव प्रकट गरिएको छ ।

### ३६. गायत्री वेदमाता प्रति

यो कविता गायत्री महिमागान भएको कविता हो । गायत्रीमन्त्रलाई शक्ति हो भन्दै मन्त्रोच्चारणका बारेमा वर्णन गरेर लेखिएको छ । गायत्रीमन्त्र सँगसँगै मान्छेले आफ्नो आचारण र व्यवहारलाई शुद्ध राख्नुपर्ने कुरा कविले व्यक्त गरेका छन् ।

### ३७. बिदाइ

यस कवितामा कविले माइतीघर छोडेर पराइघर जाँदा छोरीको मनमा उब्जिने वियोगका भावहरू समेटेका छन् । जन्मभूमिको माया र सम्झनालाई बिर्सन नसकिने गरी छोरीले गर्ने विलापको बारेमा वर्णन गरेर यो कविता लेखिएको छ । यस कवितामा प्रकृति, साथी सङ्गी र पारिवारिक वातावरणप्रतिको छोरीको अगाध सम्बन्धलाई दर्शाइएको छ ।

## ३८.  अभिनव प्रजातन्त्र

प्रस्तुत कविता कविले प्रजातन्त्रको उदयलाई लिएर लेखेका छन् । तानासाहीको अन्त भइसकेको अवस्था र प्रजातन्त्रको अभ्युदय भएको कुरा यस कवितामा व्यक्त भएको छ । वीर सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै वीरताको कदर गर्नुपर्ने कुरामा जोड दिइएको छ । प्रजातन्त्रको सदुपयोग हुन नसक्दा बढेको अत्याचारले निम्त्याएका डरलाग्दा घटनाको सविस्तार वर्णन भएको छ । नेता र जनता दुबै मिली प्रजातन्त्रलाई राम्ररी सम्हाल्नुपर्ने सन्देश कवितामा व्यक्त भएको छ । पञ्चायतको अन्त भएको अवस्था र प्रजातन्त्रको पुनर्बहाली भएको अवस्था जोड्दै देशको राजनैतिक प्रसङ्ग यस कवितामा आएको छ ।

## ३९.  महामानव स्व. बी.पी.प्रति उद्गार

यस कवितामा कविले स्व.बी.पी.को महान् विचार क्रान्तिकारी विचारधाराको सम्मान गर्दै उनलाई महामानवको रूपमा उभ्याएका छन् । बी.पी. लाई  राष्ट्रको शास्वत सपूतको रूपमा लिइएको छ । समाज सुधार गर्ने क्रान्तिकारीहरू कहिल्यै नमर्ने र युग-युग देशले स्मरण गरिरहने कुरा कवितामा आएको छ । त्यस्ता वीर युगीन प्रतिभाहरू भुल्न नसकीने भन्दै उनको महानतालाई नभुल्न आह्वान गरिएको छ ।

## ४.२.  'सावधान नयाँ युग आउँदै छ' खण्डकाव्यको विश्लेषण

वि.सं. २०५७ सालमा प्रकाशित **"सावधान नयाँ युग आउँदै छ"** खण्डकाव्य निर्मलकुमार भण्डारीको तेस्रो पुस्तकाकार कृति तथा पहिलो खण्डकाव्य हो । यस खण्डकाव्यको शीर्षक, संरचना देशकाल परिवेश, भाषाशैली, छन्दविधान, अलङ्कारविधान र उद्देश्य आदि खण्डकाव्यका तत्त्वहरूका आधारमा विश्लेषण्ण गर्ने प्रयास गरिएको छ ।

### ४.२.१ शीर्षक

आसावादी सपना कल्पनात्मक सोचाइबाट खण्डकाव्यको शीर्षक **सावधान नयाँ युग आउँदै छ** राखिएको छ । नयाँ युगको आरम्भ हुने अवस्थामा सावधान रहन गरिएको आग्रहमै यो काव्य केन्द्रित रहेको हुँदा यो शीर्षक सार्थक छ ।

### ४.२.२ संरचना

यस खण्डकाव्यको बाह्य संरचना एकै सर्गमा लेखिएको छ । छन्दोबद्ध रूपमा लेखिएको यस कृतिभित्र जम्मा १०८ श्लोकहरू छन् । सबै श्लोकहरू शार्दूलविक्रीडित छन्दमा लेखिएका छन् । आन्तरिक संरचनाभित्र स्रष्टाका भावनाहरूको आख्यानीकरण हुन्छ । भारतको आगरा क्षेत्रमा बसोबास भएका गायत्री मन्त्रका प्रचारक गुरु श्रीराम शर्मा आचार्यको सन्देश प्रकट गर्ने उद्देश्यले आख्यानको शुभारम्भ गरिएको यस कृतिमा नेपालको प्रकृतिको सुन्दरताको वर्णन गरिएको छ । सुरुमा आएका छओटा श्लोकमा हिमाली परिवेशको वर्णन गरिएको छ । सातौं श्लोकदेखि अन्तका १०० श्लोकहरूसम्म मान्छेका नीचता, दुष्चरित्र, दुर्भावना र कल्मषभावहरूप्रति चिन्ता व्यक्त गर्दै अब नयाँ युगको आरम्भको समयमा सचेत रहन र गलत प्रवृतिहरू हटाउनु पर्ने सन्देश व्यक्त गरिएको छ ।

श्रीराम शर्मा आचार्य र माताजीको प्रसङ्ग जोड्दै दुबैका सद्मार्गीय अभियानको प्रशंसा र सत्युगको संस्थापनका लागि थालिएको मार्गमा आउन आग्रह गरिएको छ । विभिन्न सर्गमा विभाजन गरेर आख्यानको प्रस्तुतीकरण नभएको यस खण्डकाव्यको एकल सर्गमै कविका अन्तरनीहित भावनाहरू समाविष्ट भएका छन् ।

### ४.२.३ विषयवस्तु

**सावधान नयाँ युग आउँदै छ** खण्डकाव्य नेपालको प्रकृति र संस्कृतिका बारेमा सामान्य रूपमा केन्द्रित रहेको छ । मान्छेका व्यवहार, शैली, संस्कृति र आचारणसंग सम्वद्ध रहँदै, वर्तमानका असन्तुष्ट पक्षहरू यसमा समेटिएका छन्, जस्तै :

के गर्ने, जसलाई श्रेष्ठ भनियो सोही बन्यो भ्रष्ट रे ।

के गर्ने, जसलाई सभ्य भनियो सोही असभ्यै छ रे ॥

के गर्ने, जसलाई सृष्टि तलको माली बनाई दियो ।

के गर्ने निजले त भूमितलकै प्रारूप नाशीदियो ॥

### ४.२.४ भाव वा विचार

कविले पतनोन्मुख मानव समुदायप्रति चिन्ता व्यक्त गर्दै निकृष्टतम जीवन नबिताउन सन्देश दिएका छन् । आचरण व्यवहार पवित्र राखि असल मार्गमा हिँड्न आग्रह गरेका छन् ।

नयाँ युगको आरम्भ हुने आसा र कल्पनाभित्र रमाउँदे कविले यसमा असल मानव समाजको उद्घाटन गर्ने उद्देश्य राखेका छन् । कविको यस काव्यमा अभिव्यक्त भएका भावनाहरूलाई तल दिइएका कविताका केही अंशहरूबाट प्रस्ट पारिएको छ :

चौपायाहरू बाँच्दछन् जगतमा, भावी निरूद्देश्यले,

खानू, सुत्नु, र भोग त्रास सहँदै, बाँच्छन् बडा कष्टले

यावत् देह रह्यो मलीन तनमा, बस्छन् सदा मौन भै,

आकांक्षा मनका बिना प्रकट भै, पर्छन् हरे मौतमै

ए, मान्छे जबसम्म बाँच्नुछ, यहाँ, उद्देश्य ठूलो गर,

जे उद्देश्य लिएर कर्म गरछौ, बाटो नभुल्ने गर

पृथ्वीका जलवायु, बृक्षहरूको गन्तव्य हेरीकन

जाऊँ माथि सधैं अवाध गतिले पारौं महापावन,

ए मान्छे, अब सावधान बस रे, फिर्दैछ नौलो युग

छोडी कर्म निकृष्ट उच्च गतिमा जाऊ भई उत्सुक

जे-जे आज गऱ्यौ कुकृत्य जगमा, सम्पूर्ण बिर्सीदिनु,

बाँकी याम छ फेरि रे मनुज हो, सत्कर्मकारी हुनु,

(सावधान नयाँ युग आउँदै छ, पृ. १८)

### ४.२.५ भाषाशैली

**सावधान नयाँ युग आउँदै छ** खण्डकाव्यको भाषा सरल पारामा प्रस्तुत गरिएको छ। यस खण्डकाव्यको भाषा बोधगम्य र मिठासपूर्ण छ । विभिन्न अलङ्कारहरूको प्रयोगले शैलीमा सुललिता थप्नु कविको आफ्नो विशेषता रहेको छ । कविको भावनात्मक अभिव्यक्ति सरल र स्पष्ट रूपले परिमार्जित भएर आएको छ । देश र परिवेशसँग मिल्दोजुल्दो प्रकृति र संस्कृतिको वर्णनमा वर्णात्मक शैली प्रयोग गरिएको छ ।

### ४.२.६ छन्दविधान

छन्द योजना काव्यको लागि महत्त्वपूर्ण हुन्छ । कविको खण्डकाव्यख **सावधान नयाँ युग आउँदै छ**मा सुरुदेखि अन्तसम्म शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ । अन्त्यानुप्रासको उचित संयोजन गरी छन्द प्रयोग गरिएको यो खण्डकाव्यमा छन्द विधानका दृष्टिले सफल समायोजन भएको छ । निम्नलिखित श्लोकलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ :

हाम्रो जीवन मुक्तिद्वार पनि हो, सत्कर्म राम्रा गरे

हाम्रो जीवन कुम्भिपाक पनि हो, दुष्कार्य गर्ने गरे

ढोका खुल्दछ मोक्षको यदि भने, कर्तव्य सत्कर्ममा,

चौराशी पथ घुम्नुपर्दछ अझै, जो लाग्छ दुष्कर्ममा,

सुन्थे शब्द मिठास बाद्य रसका, सङ्गीत ती सुन्दर,

चिम्लिन्थे अनि नेत्र ध्यान गहिरो, लाग्थ्यो अझै सुन्दर

बिर्सेको म त छैन शब्द सुरिलो संगीत जो त्यो बज्यो

गर्छू ध्यान म फेरि गीत रसमा जो कानभित्रै भिज्यो ।

(सावधान नयाँ युग आउँदै छ, पृ. १०)

## ४.३ 'चेलीबेटीको बह, व्यथा र बिलौना' कृतिको कृतिपरक अध्ययन

### ४.३.१ गीतको सामान्य परिचय

गीत भाषाका माध्यमद्वारा व्यक्त हुने कला विशेष हो र यसका लागि विशिष्ट प्रकारको भाषाको आवश्यकता पर्दछ । मूलतः गाउने प्रयोजनका लागि लेखिने भएकोले लय तथा सङ्गीत उत्पन्न गर्ने प्रकारको भाषिक संयोजन यसका लागि आवश्यक मानिन्छ र कथ्य विषयको प्रस्तुति गीतमा संवेगात्मक तरिकाले हुनु आवश्यक ठानिन्छ । गीतमा भाव तथा कल्पनाको भूमिका ज्यादै धेरै हुने गर्छ । भाव तथा कल्पनाको प्रयोग लयात्मक प्रस्तुति तथा भाषाको विशिष्टता आवश्यक हुने र यिनीहरूको अभावमा गीतले अस्तित्व प्राप्त गर्न नसक्ने हुनाले यी उपकरणहरू गीतका प्रमुख तत्वका रूपमा स्वीकारिन्छन् । यस अर्थमा भाव, कल्पना, सङ्गीत, विम्व तथा प्रतीक अनि भाषा गीतका प्रमुख तत्वहरू सिद्ध हुन्छन् ।[४]

कृति परिचयः चेलीबेटीको बह, व्यथा र बिलौना निर्मलकुमार भण्डारीले लेखेको डोटेली परिवेशमा आधारित गीतिकथा हो । यो मभ्फौला आकारमा लेखिएको कृति हो । यसमा नेपाली समाजका छोरीबेटीका विरह, वेदना र वहव्यथाका प्रसङ्गहरूलाई गीतिलयमा अभिव्यक्त गरिएको छ । नेपाली ग्रामीण समाजमा छोरीहरूले पाउने दुःखका प्रसङ्गहरू उद्घाटित गर्दै नारी जातिमाथि नै श्रद्धा र आदरभाव प्रकट हुने गरी यो कृति लेखिएको छ । दैवी दुःख र समाजले बनाएका नियम कानुनका प्रसङ्ग उल्लेख गर्दै छोरीको जीवनका समग्र पक्षहरू यसमा समाविष्ट भएका छन् । यो डोटेली मौलिक शब्दहरू र नेपाली शब्दहरूको समायोजन गरी लेखिएको कृति हो ।

### ४.३.२ भाव

भाव गीत तथा गीति कविताका लागि अनिवार्य तत्व हो । भावको अभावमा कुनै पनि गीत तथा कविताले उत्कृष्टता प्राप्त गर्न सक्दैन ।[५]

---

४ कृष्णहरि बराल, **गीत, सिद्धान्त र इतिहास,** विद्यार्थी पुस्तक भण्डार, प्रकाशक तथा वितरक (२०६०)

५ कृष्णहरि बराल, पूर्ववत्, पृष्ठ २५ ।

गीतमा भाव मूलतः भाषाका माध्यमबाट प्रकट हुन्छ र यथार्थमूलक सत्य वा मानसिक सत्यको अभिव्यक्ति हो । भावको प्रयोगविना गीत घतलाग्दो र हृदयस्पर्शी हुनै सक्तैन ।[६]

प्रस्तुत कृतिमा छोरीहरूको वह, व्यथा र विलौना उद्घाटित गर्न कारुणिक र मर्मश्पर्सी भाव व्यक्त भएको छ :

गीतका केही अंशहरू तल प्रस्तुत गरिएको छ ।

हाल् गोठाला पर्सो हाल तेरी दुई भैसीको

मन मेरो हौसिया थियो कर्म दुई पैसीको ।

तल्लाघर दाइ-बौजुले मेथी पकाएकी,

म पोइल दिएकी होइन सेती बगाएकी

(चेलीबेटीको बह, व्यथा र बिलौना, पृ. ६)

### ४.३.३ सङ्गीत

सङगीत गीतका लागि चाहिने अनिवार्य तत्व हो । सङगीतको अभावमा गीतको कल्पना गर्न सकिदैन । गीतकारहरू अरूलाई आनन्ददायक ध्वनीको ढाँचा सिर्जना गर्न तथा अर्थलाई अझ प्रभावकारी बनाउनका लागि सङगीतको प्रयोग गर्छन् ।[७]

सङगीतले शब्दको प्रभावलाई अझ उचाई प्रदान गर्छ र गीतमा भएका भावलाई अझ उजिल्याएर प्रस्तुत गर्न सहयोग पुर्‍याउँछ । सङगीत अभाषिक हुने भएकाले गीतमा यस तत्वको व्याख्या गर्नु तुलनात्मक रूपमा अप्ठ्यारो हुने यद्यपी यसको विवेचना असम्भव भने हुँदैन । विश्लेषणको सजिलाका लागि यसलाई भाषाका माध्यमद्वारा अभिव्यक्ति हुने सङगीत र मौखिक तथा वाद्ययन्त्रको प्रयोगबाट अभिव्यक्त हुने सङगीत गरी, दुइ भागमा छुट्याई हेर्न सकिन्छ भने पहिलालाई शब्द सङ्गीत तथा दोस्रालाई मौखिक तथा बाद्य

६ कृष्णहरि बराल, पूर्ववत्, पृष्ठ २५ ।

७ कृष्णहरि बराल, पूर्ववत्, पृ. २५ ।

सङगीत भन्न सकिन्छ । भाषाकै माध्यमद्वारा अभिव्यक्त हुने शब्द सङगीतलाई पनि पंक्ति पंक्ति बीच प्रयुक्त बरावर वा घटी-बढी अक्षरहरूको वितरणका कारण उत्पन्न 'लय' र पंक्ति-पक्तिमा भएको पद, पदावली तथा वर्णहरूको आवृक्तिका कारण उत्पन्न ध्वनि सङगीत गरी दुई भागमा वर्गीकरण गरी हेर्न सकिन्छ ।[८]

निर्मलकुमार भण्डारीको कृति 'चेली बेटीको बह, व्यथा र विलौना डोटेली भाषाको डेउडा लयमा आधारित गीति संग्रह हो ‌। डोटेली लोकलयमा आधारित प्रस्तुत गीति कथाम अन्त्यानुप्रासको उचित समायोजन गरी साङ्गितिक झङ्कार प्रदान गरिएको छ । यो लामो भाकामा गाइने डेउडा गीतहरूको संग्रह हो ।

### ४.३.४ लय

लयको सम्बन्ध समय र गतिसँग हुन्छ । बराबरी वा उही समयमा पढ्न वा गाउन सकिने गरी पंक्ती-पंक्तिबीच भाषाका स्वर तथा व्यञ्जनवर्णहरूको सही व्यवस्थापन गरीँदा लय प्रकट हुन्छ भने यसमा स्वर तथा व्यञ्जन, वर्णहरूको संख्या बलाघात तथा सुरले महत्वपूर्ण भूमिका निर्वाह गर्छ र यसले गर्दा नै गीतलाई गेये पनि बनाउँछ । गीतमा हरेक पंक्ति निश्चित प्रकारको लय व्यवस्थामा बाधिएर आएका पनि हुन सक्छन् वा यिनमा स्वर तथा व्यञ्जन वर्णको समानुपातिक वितरण भएको पनि हुन सक्छ ।[९]

निर्मलकुमार भण्डारीको प्रस्तुत कृतीमा गीतहरू एउटै नियमित लय व्यवस्थामा आधारित भएर आएका छन् । केहि गीतहरूलाई यसरी देखाइएको छ ।

चिठ्ठी लेख्ने बैदारले तमसुक लेखेइन ।

उती जान्ने मेरो वाले दुःखी घर देखेइन ॥

कम्पनी ढालेका हुन कि हातका चाँदी वाला ।

म मान्नौ कि सवै मान्ना रात भन्दा दिन काला ॥

---

८ कृष्णहरि बराल, पूर्ववत्, पृ. ३४ ।

९ कृष्णहरि बराल, पूर्ववत्, पृ. ३५ ।

फुल फुल्लै छ फल, लाग्दैन, सिमल घोगीको

कैल्यै घरबार हुने हो कि देश फेर्ने जोगीको ।

जोगीराम्रा दिपाइलका वामन वर्माका

केही दुःख वावाले दियो केही दुःख कर्मका

गुल्जेघर घाम पर्दैन पत्थरी घरले

वाली वैस वाउला दुःख खाउँ कैका भरले

### ४.३.५ भाषा

गीत भाषाका माध्यमद्धारा अभिव्यक्त हुने कला विशेष हो । गीतले अस्तित्व भाषाकै सहयोगबाट प्राप्त गर्छ भने श्रोता तथा पाठकहरू गीतको अर्थ भाषा नै सुनेर लगाउँछन् । समालोचकहरूले पनि गीतको व्याख्या तथा विश्लेषण गर्दा भाषाको नै सहयोग लिनु पर्छ । गीतलाई सङ्गीतात्मक बनाउन पनि भाषाकै स्वर तथा व्यञ्जनवर्णहरूको भूमिका महत्वपूर्ण हुन्छ । गीतमा विम्व तथा प्रतीकहरूको सन्दर्भमा होस् वा शैलीको प्रयोगका सम्दर्भमा भाषाले वहन गर्ने भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ ।[१०]

प्रस्तुत कृतिमा निर्मलकुमार भण्डारीले डोटेली भाषाका शब्दहरूको प्रयोग गरेका छन् । यसमा अत्यधिक मात्रामा नेपाली भाषाको पनि प्रयोग गरिएको छ । गीतका केहि अंश यसरी देखाइएको छ ।

जेठा ज्यू भैंसीका खर्क जेठानी छुइ छन् कि ।

कोइ भाग्यवान कोइ अभागी भगवान दुई छन् कि ॥

काँ जान्छै गंगाका पानी कैका लुगा धुन्छै ।

को छ तेरो पापी मन कै का लागि रून्छै ॥

१० कृष्णहरि बराल, पूर्ववत्, पृ. ५२ ।

### ४.३.६ बिम्ब तथा प्रतीक

सामान्य अर्थमा कुनै वस्तु, कार्य, भाव विचार तथा संवेगमय मानसिक तस्विरहरूलाई प्रतिनिधित्व गर्ने भाषिक एकाईलाई बिम्ब भनिन्छ । ।[११]

प्रस्तुत कृति चेली बेटीको बह, व्यथा र बिलौना नामक गीतिकथामा निर्मलकुमार भण्डारीले विभिन्न बिम्बहरूको प्रयोग गरेका छन् । यसमा विशेषतः सामाजिक बिम्बहरू उद्घाटित भएर आएका छन् । भण्डारीले यसमा प्राकृतिक बिम्बहरूको पनि प्रयोग गरेका छन् । जस्तै सिमलको घोकी, तोडिको फूल, पीपलको पात आदि ।

## ४.४ 'वीरेन्द्र शोककाव्य'को सङ्क्षिप्त विश्लेषण

### ४.४.१ कृतिगत सन्दर्भ

निर्मलकुमार भण्डारीको कृति 'वीरेन्द्र शोककाव्य', संक्षिप्त आकारमा संरचित भएको खण्डकाव्य हो । यसको प्रकाशन वि.सं. २०६० मा सूचना विभागले प्रकाशित गरेको श्रद्धाका केन्द्र, श्री ५ वीरेन्द्र स्मृतिग्रन्थमा भेटिएको छ । यो कृति नेपालको राजनैतिक इतिहासमा वि.सं. २०५८ जेठ १९ गतेको राजदरबार हत्याकाण्ड पश्चात लेखिएको हो । यसमा राजा वीरेन्द्र र राजपरिवारका दिवंगत व्यक्तिहरूप्रति शोक श्रद्धाञ्जलि व्यक्त गरिएको छ ।

### ४.४.२ विषयवस्तु

निर्मलकुमार भण्डारीले प्रस्तुत खण्डकाव्यमा नेपालको राजनैतिक इतिहासमा घटेको राजदरवार हत्याकाण्डलाई विषयवस्तुको रूपमा लिइएको छ । राजा र राज परिवारको निधनमा शोक व्यक्त गरी श्रद्धाञ्जलि अर्पण गरेर लेखिएको यो काव्यको शीर्षक नै वीरेन्द्र शोक काव्य रहेको छ ।

### ४.४.३ उक्तिढाँचा

प्रस्तुत खण्डकाव्यमा कविले बहु बचन हामीका कोणबाट र कविद्वारा खडा गरिएको तृतीय पुरुष उनीको कोणबाट प्रयोग गरिएका उक्ति भेट्टिन्छ ।

---

११ कृष्णहरि बराल, पूर्ववत्, पृ. ४३ ।

### ४.४.४ संरचना

निर्मलकुमार भण्डारीको यो खण्डकाव्य **वीरेन्द्र शोककाव्य** सानो आकारमा संरचित छ ।  सूचना विभागले प्रकाशित गरेको पुस्तकमा सानो अंशको रूपमा यसलाई राखिएको छ । यसको आकार खण्डकाव्य भन्न मिल्ने किसिमको छ ।

### ४.४.५ भाषाशैली

प्रस्तुत खण्डकाव्यमा सहज सरल भाषाशैलीको प्रयोग भएको छ । यो खण्डकाव्य कारुणिक र मर्मस्पर्शी रहेको छ । यस खण्डकाव्यमा सम्प्रेष्य भाषाको प्रयोग भएको छ ।

### ४.४.६ भाव वा  विचार

**वीरेन्द्र शोककाव्य** खण्डकाव्यमा शोक र श्रद्धाञ्जली व्यक्त गरिएको छ । राजा र राजपरिवारको हत्या काण्डलाई विषय वस्तुको रूपमा समेट्दै यो खण्डकाव्यले करुणा भाव व्यक्त गरेको छ ।

### ४.४.७ लय

प्रस्तुत कृति **वीरेन्द्र शोककाव्य** पद्य लयमा संरचित कविता कृति हो । यसमा अन्त्यानुप्रासको समुचित समायोजन गरी शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । यो करुण रस प्रदान गर्ने शोककाव्य हो । केही हरफहरूमा अन्त्यानुप्रास नमिलेको जस्तो देखिए पनि लयात्मकताका दृष्टिले यो कृति उत्कृष्ट रहेको छ । कविताका केही हरफहरूलाई यसरी देखाइएको छ ।

रोयो देश समग्र शोकधुनमा बाजा कहालै बज्यो ।

छैनन् भूप वीरेन्द्र जीवित भनि सञ्चार सारा फिज्यो ॥

त्यो अन्ठाउन सालको दशहरा उन्नीसको सातमा ।

राजाको परिवार एकसँग भै अल्पे नी अज्ञातमा ॥

डाकु कि म अरण्य रोदन गरी राजा कहाँ छौ भनी ।

खोजु कि अनि राजगेहतिर गै अज्ञात जस्तो बनी ॥

मेरो भूप वीरेन्द्रलाई कसले ल्याई पुऱ्यायो कहाँ ।
अस्तायो सुबिता प्रदीप्त नभको रातै पऱ्यो देशमा ॥
जाउँ आज कहाँ सबै पथहरू निष्पट्ट- निष्पट्ट छन् ।
अस्तायो सुविता नभान्तरमहाँ गन्तव्य अस्पष्ट छन् ॥
यात्री स्तब्ध छ मार्गमा पनि यता छैनन् सहारा कुनै ।
साथी आज पुग्यो अगम्यपुरमा अल्पिसक्यो जीवनै ॥

### ४.४.८ बिम्ब तथा प्रतीक

प्रस्तुत कृति **वीरेन्द्र शोककाव्य**मा कविले बिम्ब तथा प्रतीकको प्रयोग गरेर काव्यलाई अफ प्रभावकारी बनाउन प्रयास गरेका छन् । सङ्क्षिप्त आकारमा संरचित भए पनि बिम्बालङ्कार र प्रतीकले काव्यलाई सुन्दरता प्रदान गरेको छ । काव्यमा प्रयोग गरिएका बाजा, राजगेह जस्ता शब्दहरू बिम्ब प्रतीकका रूपमा आएका छन् ।

### ४.४.९ निष्कर्ष

प्रस्तुत खण्डकाव्य कविले  नेपालको इतिहासमा २०५८ जेठ १९ गते घटेको बीभत्स घटनालाई विषयवस्तुको रूपमा समेट्दै दिवङ्गत राजा र राजपरिवारका अन्य मृतक सदस्यहरूप्रति  शोक श्रद्धाञ्जलि व्यक्त गरेका छन् । यो कृति  संक्षिप्त आकारमा रचना गरिएको  छ ।

# पाँचौँ परिच्छेद

# शोधनिष्कर्ष

## ५.१. निष्कर्ष

नेपाली साहित्यको कविताविधामा कलम चलाउने निर्मलकुमार भण्डारी विशिष्ट छन्दशिल्पी कविका रूपमा चिनिन्छन् । **निर्मलकुमार भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** अघिल्ला परिच्छेदहरूमा गरिएको छ । यस परिच्छेदमा उनका जीवनी, व्यक्तित्व र कृतित्वका मूलभूत पक्षहरूलाई निष्कर्ष सहित प्रस्तुत गरिएको छ ।

नेपाली साहित्यमा निर्मलकुमार भण्डारी नामले परिचित व्यक्ति प्रतिभा वि.स. २०१६ माघ १४ गते जन्मिएका हुन् । बुवा भानदत्त भण्डारी र आमा धर्मादेवी भण्डारीका जेष्ठ सुपुत्रका रूपमा उनको जन्म भएको हो । नेपालको सुदूरपश्चिमाञ्चल विकासक्षेत्रको सेती अञ्चलअन्तर्गत डोटी जिल्लाको सरस्वतीनगर गा.वि.स. वडा नं. ६ बेल्टुक्रा जोरायलमा उनको जन्म भएको हो । तीन बहिनी र दुई भाइहरूमा उनी सबैभन्दा जेठा हुन् । नेपाली साहित्यको कविता विधामा लामो समयसम्म साधना गरिरहेका कवि भण्डारीका थुप्रै फुटकर कवितादेखि लिएर खण्डकाव्यहरू प्रकाशित भएका छन् ।

मध्यमवर्गीय ब्राह्मणपरिवारमा जन्मेका निर्मलको बाल्यकाल बालक्रीडा, खेलकुद र साथी दौतरीहरूका माझ रमाइलोका साथ बितेको थियो । वि.सं. २०२० साल माघ वसन्तपञ्चमकिा दिन यिनको अक्षरारम्भ भएको हो । त्यति बेला यिनको उमेर सात वर्षको थियो । त्यसै दिन यिनको मुण्डन एवम् कर्णभेदको संस्कार गरिएको हो । ‘खोला’ शीर्षकको फुटकर कविता वि.सं.२०३८ सालको ‘रैवारे’ पत्रिकामा प्रकाशित गरी लेखनयात्राको थालनी गरेका भण्डारीका साहित्यिक लेखनका प्रेरणादायीहरूमा साथी दौँतरी, छरछिमेकी र अग्रज साहित्यकारहरू देखिन्छन् ।

उनले सरस्वतीनगर गा.वि.स. वार्ड नं. ४ स्थित शिवपुर प्रा.वि.मा प्राथमिक शिक्षा, रघुनाथ मिडिल स्कुलमा मा.वि. तहको शिक्षा र कैलाली बहुमुखी क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययन पूरा गरेका छन् ।

विभिन्न साहित्यिक संघसंस्था र सामाजिक कार्यहरूमा संलग्न भण्डारी समाजसेवामा पनि निकै सक्रिय रहेका देखिन्छन् । बाल्यकालीन उमेरदेखि नै भावुक मन र कल्पनाशील विचार बोकेका भण्डारीमा काल्पनिकता, हार्दिकता र भावुकता जस्ता प्रवृत्तिहरू भेटिन्छन् । यिनी प्रारम्भिक शिक्षा प्रारम्भ गर्दा केहि चञ्चले र पढ्न झर्को मान्ने स्वभावका देखिएका छन् । पढन् झर्को मान्ने, झन्झट मान्ने, स्कुल जान डराउनेजस्ता घटनाहरूलाई उनले बाल्यकालका स्मरणीय घटनाका रूपमा लिएका छन् ।

जीवनलाई सधैँ निराश, उदास र असजिलो महसुस गरेका भण्डारी उनीमाथि गरिएका दुर्व्यवहारहरूलाई जीवनका उल्लेख्य घटनाको रूपमा देखा पर्दछन् । एस्.एल्.सी. पास भएको दिन, आई.ए. पास भएको दिन र विवाह भएको दिनलाई निर्मलकुमार भण्डारी जीवनमा आनन्दको क्षणका रूपमा लिन्छन् । जीवनजगत् र मानव समाजभित्रका कुराहरूलाई आफ्नो सिर्जनामा प्रस्तुत गर्ने भण्डारी अध्यात्म चिन्तनको पक्षमा बढी सक्रिय देखिएका छन् । जीवनदर्शनका बारेमा उनले आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । जीवनदर्शनसम्बन्धी उनको दृष्टिकोणलाई उनले यसरी भनेका छन् :

यो संसार असार नाट्यस्थल हो मान्छे सबै पात्र हुन् ।

ती आफ्ना अभिव्यञ्जना क्षणिक नै देखाउने मात्र हुन् ॥

पर्दा बन्द भएर पात्र जसरी अल्पिन्छ नेपथ्यमा ।

त्यस्तै जीवनको पटावृत्त भए अल्पिन्छ मान्छे कहाँ ॥

विभिन्न संघसंस्था र सामाजिक कार्यहरूमा संलग्न भण्डारीले विभिन्न पुरस्कार र सम्मान प्राप्त गरेका छन् ।

व्यक्तिको जीवनीमा विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्व निर्माण कुनै पनि मानिसको जीवन भोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडहरूले प्रमुख भूमिका खेलेको हुन्छ । यसैगरी ऊ बाँचेको परिवेश पारिवारिक पृष्ठभूमि, सामाजिक सांस्कृतिक रुचि पेसा, शिक्षादीक्षा आदिले पनि व्यक्तित्वको निर्माणमा उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ ।

निर्मलकुमार भण्डारी सिर्जनशील कवि प्रतिभा हुन् । नेपाली साहित्यको क्षेत्रमा उनी कविका रूपमा बढी चिनिन्छन् भने विभिन्न सामाजिक क्षेत्र, संघसंस्था र कार्यतिरको संलग्नताले उनी साहित्येत्तर व्यक्तित्वका रूपमा पनि परिचित छन् । उनको व्यक्तित्वलाई निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी २ भागमा बाँडेर हेरिएको छ ।

निर्मलकुमार भण्डारीको निजी व्यक्तित्व नियाल्दा उनी सहज सरल र गम्भीर स्वभावका देखिन्छन् भने नीति अनुशासन, मर्यादा, कर्तव्यनिष्ठ, स्वावलम्बी, मिलनसार, उनका व्यक्तित्वका आन्तरिक गुणहरू देखिन्छन् । शिष्ट, नम्र र गम्भीर स्वभाव उनको निजी विशेषता हो ।

निर्मलकुमार भण्डारीको साहित्यिक व्यक्तित्वभित्र नेपाली साहित्यमा उनले गरेका योगदानका बारेमा चर्चा गर्नुपर्ने हुन्छ । विभिन्न सामाजिक संघसंस्थाप्रतिको संलग्नता र क्रियाशीलताले भण्डारी सामाजिक व्यक्तित्वको रूपमा पनि चिनिन्छन् । साहित्यिक क्षेत्रभित्र नेपाली साहित्यको कविता विधा र डोटेली लोकसाहित्यमा उनको विशेष योगदान रहेको छ भने समाजसेवी र सल्लाहसुझाव प्रदान गरेका भण्डारीलाई सामाजिक व्यक्तित्व र परामर्शदातृ व्यक्तित्वका रूपमा पनि चिनिन्छ ।

वाल्यकालीन उमेरदेखि नै रचना सिर्जना गरिरहेका भण्डारीले औपचारिक रूपमा साहित्यका क्षेत्रमा प्रवेश गरी आफ्नो कविता रचना २०३८ सालमा सार्वजनिक गरेका हुन् । 'खोला' शीर्षकको फुटकर कविता 'रैवारे' साहित्यक मासिकमा प्रकाशित गरिएको थियो साहित्यका अन्य विधाहरूमा रुचि र सक्रियता देखाए पनि निर्मलकुमार भण्डारीको सिर्जनाको मुख्य विधा कविता रहेको छ ।

विभिन्न फुटकर कविताहरूदेखि खण्डकाव्यसम्मको सिर्जना गरेका भण्डारीका प्रकाशित कृतिहरूको विश्लेषण अघिल्ला परिच्छेदमा गरिएको छ । पहिलो प्रकाशित उनको कवितासङ्ग्रह **कर्तव्यबोध तथा सन्देश एकीकृत**मा जम्मा ४२ ओटा कविताहरू सङ्कलित रहेका छन् । खण्डकाव्यहरूमा **सावधान नयाँ युग आउँदै छ,** र **वीरेन्द्र शोककाव्य** खण्डकाव्य र **चेलीबेटीको बह, व्यथा र बिलौना** नामक गीतीकथा उनका प्रकाशित कृतिहरू हुन् । उनी विशेषतः छन्दमा कविता रचना गर्ने कविका रूपमा चिनिन्छन् । परिष्कार परिमार्जन गरी स्वच्छन्दतावादी र यथार्थवादी भावधारालाई उनले आफ्नो कवितामा भित्र्याएका छन् ।

वि.सं. २०३८ सालदेखि साधनारत रहँदै आएका भण्डारी हाल पनि उत्तिकै क्रियाशीलता देखाइरहेका छन् । प्रथम कवितासङ्ग्रह **कर्तव्यबोध तथा सन्देश एकीकृत**मा उनले दया, माया, स्नेह, सद्भाव र मानवोचित कर्महरूलाई प्रमुख मान्यता दिनुपर्ने सन्देश व्यक्त गरेका छन् । प्रस्तुत कवितासङ्ग्रह धर्म, दर्शन, मानव समाज, संस्कृति आदि पक्षहरूसँग गाँसिएको छ । प्रकृति र प्रेम प्रणय प्रसङ्गका कुराहरू पनि यसमा अटाएका छन् । कर्तव्यको बोध गरेर अगाडि बढ्न अनि सामाजिक सद्भाव र समता कायम गर्न यस कृतिमा आह्वान गरिएको छ । स्वच्छ, सभ्य, शिष्ट अनि नैतिकवान् र अनुशासित हुनुपर्ने सन्देश कविले व्यक्त गरेका छन् । उनका कविता आध्यात्मिक, सामाजिक, प्राकृतिक र सांस्कृतिक पक्षहरूमा समावेश गरिएका छन् । यो कवितासङ्ग्रह कर्तव्यको बोध गराउने र समग्रमा सन्देश प्रकट गर्ने कृति हो ।

कविको अर्को कृति **सावधान नयाँ युग आउँदै छ** खण्डकाव्य हो । यसमा नयाँ युगको आरम्भ हुन लागेको भन्दै यस समयमा सजग र सचेष्ट रहन आग्रह गरिएको छ । वर्तमानका बेथिती, विसङ्गति र दृष्कृतिहरूलाई मेटाउन अनि सभ्य र शिष्ट समाजका लागि अब नयाँ युगको आगमन हुने कुरातर्फ सङ्केत गरिएको छ । सानो आकारको यो कृति शार्दूलविक्रीडित छन्दका श्लोकहरूमा संरचित रहेको छ । यसमा कविले आशावादी भाव प्रकट गरेका छन् । अब परिर्वतनको समय नजिक आएको भन्दै यो समयलाई स्वागत गर्न कविले आह्वान गरेका छन् ।

निर्मलमकुमार भण्डारीको अर्को कृति **चेलीबेटीको बह, व्यथा र बिलौना** नामक कृति डोटेली परिवेशमा आधारित भएर लेखिएको कृति हो । यो गीतिलयमा आधारित हुनका साथै कथात्मक ढङ्गमा निवन्धात्मक शैली अपनाएर लेखिएको कृति हो । यसमा विशेष गरी समाजप्रति व्यङ्ग्यको झटारो हान्दै नारीप्रति असीम श्रद्धा भाव व्यक्त गरिएको छ । समाजले छोरीलाई देखाउने असमानताको व्यवहार अन्त गरी छोराछोरी बराबर हुनुपर्ने कुराको सन्दर्भ कवितामार्फत व्यक्त गरिएको छ । कर्णाली परिवेशको सरोफेरोमा आधारित भएर लेखिएको यो कृति समग्रमा नारी जातिलाई केन्द्रित गरेर लेखिएको कृति हो । प्रस्तुत कृतिमा देउडा लयको प्रयोग गर्दै भण्डारीले सभ्य नारीको क्षमता र व्यवहारलाई निवन्धात्मक रूपमा यसरी प्रस्तुत गरेका छन् ।

एउटा पुरुषले चलाउन सक्ने घरव्यवहार बन्दव्यवहार, स्याहार-सुसार र समाजमा गर्न सक्ने अगुवाइको काम एउटी सभ्य र शिक्षित नारी जातिले पनि सहजै गर्न सक्छे । झभै पुरूषभन्दा बढी झन्झट, टन्टा र अभावहरूलाई सहन गर्न र सोको समस्या समाधान गर्न सक्ने शक्ति नारी जातिमा हुन्छ । त्यसैले त नारीजातिलाई एउटी गृहलक्ष्मीका रूपमा मान्न सकिन्छ, जो सर्वदा मधुर मुस्कान एवम् सौम्य आकृतिले जस्तो सुकै विषम परिस्थितिमा पनि विजय प्राप्त गर्न सक्छ । परन्तु एउटा भिन्नता के छ भने उनीहरूले सर्वदा अर्काका घरमा गई पराधिनतालाई स्वीकार गरी आफ्नो मान्नुपर्छ । यही एक कारणले मात्र पुरुष र नारीको जैवनिक विहंगम सार्वजनिक दृष्टिमा नारीजातिको जीवन, पराधीन नै मान्नु पर्दछ भन्ने भाव यसमा व्यक्त भएको छ ।

**वीरेन्द्र शोककाव्य** खण्डकाव्य कविको अर्को कृति हो । यसमा उनले नेपालको राजनैतिक इतिहासमा घटेको २०५८ जेठ १९ गतेको राजदरबार हत्याकाण्डलाई विषयवस्तु बनाएका छन् । राजा र राजपरिवारको हत्याप्रति शोकश्रद्धाञ्जलि व्यक्त गरी लेखिएको यो शोककाव्य हो । सूचना विभागले प्रकाशित गरेको पुस्तकको केही भागमा प्रकाशित यो कृतिलाई सूचना विभागले प्रकाशनमा ल्याएको हो । यो शोक र श्रद्धाजलीमा आधारित भएर रचना गरिएको कृति हो ।

साहित्य युगानुकूल हुनुपर्छ र यसले समाज सुधारको सङ्केत लिएको हुनुपर्छ भन्ने धारणा निर्मलकुमार भण्डारीको रहेको छ । श्लील, शिष्ट र जनहृदयलाई कारूणिकता, मार्मिकता दिने तर सन्देशपरक साहित्य हुनुपर्छ भन्ने उनको विचार रहेको छ ।

धर्म, प्रकृति, संस्कृति र समाजका विविध कुराहरू यसमा समावेश रहेका हुनपर्छ भन्ने कवि भण्डारीको कलम यिनै कुराहरूमा केन्द्रित रहेको छ ।

शैशवावस्थादेखि नै नेपाली भाषा साहित्यको क्षेत्रमा सिर्जनशील प्रतिभा निर्मलकुमार भण्डारीको साधनाले अझै निरन्तरता र गतिशीलता गरिरहेको छ । राष्ट्र प्रेम, राष्ट्रियता र मानवसमाजको हितमा सदैव आफ्नो कलम चलाइरहने निर्मलकुमार भण्डारी नेपाली साहित्यमा सामाजिक  यथार्थवादी  र स्वच्छन्दतावादी कविका रूपमा देखिएका छन् ।

नेपाली साहित्यको कविता विधा र अन्य विधाहरूमा पनि सिर्जनशीलता अपनाइरहेका निर्मलकुमार भण्डारी परिमाणात्मक रूपमा थोरै रचना प्रकाशित गरेका भएपनि  गुणात्मक रूपमा उनको योगदान स्मरणयोग्य रहेको छ ।

## ५.२. सम्भावित शोधशीर्षकहरू

निर्मलकुमार भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गरिएको प्रस्तुत शोधपत्रमा आधारित भएर निम्नलिखित शीर्षकमा अनुसन्धान गर्न सकिन्छ :

१. निर्मलकुमार भण्डारीका कविताकाव्यमा नैतिक चेतना

२. **कर्तव्यबोध तथा सन्देश एकीकृत** कवितासङ्ग्रहको कृतिपरक अध्ययन

# सर्न्दभसामग्रीसूची

अवस्थी, महादेव, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, इन्टेलेक्च्युअल बुक प्यालेस, काठमाडौं : २०६४ ।

एटम, नेत्र, **समालोचनाको स्वरूप**, काठमाडौं : साझा प्रकाशन, २०६१ ।

ओझा, दशरथ, **समीक्षाशास्त्र**, दिल्ली : राजपाल एन्ड सन्स, सन् १९७५ ।

त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.) **नेपाली कविता भाग ४,** ललितपुर : साझा प्रकाशन, २०५३ ।

बराल, कृष्णहरि, **गीत : सिद्धान्त र इतिहास,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

भण्डारी, निर्मलकुमार, **कर्तव्यबोध तथा सन्देश एकीकृत,** कैलाली : शाहबन्धु छापाखाना, २०५२ ।

.......... **चेलीबेटीको बह, व्यथा र बिलौना,** कैलाली : शाहबन्धु छापाखाना, २०५२ ।

..........**सावधान नयाँ युग आउँदै छ,** कैलाली : सुदूरपश्चिमाञ्चल साहित्य समाज, २०५७ ।

.......... **वीरेन्द्र शोककाव्य,** काठमाडौं : श्री ५ को सरकार, सूचना विभाग, २०६० ।

**श्रद्धाका केन्द्र श्री ५ वीरेन्द्र**, सूचना तथा सञ्चार मन्त्रालय सूचना विभाग, २०६० ।

# परिशिष्ट-१

## शोधनायकसँगको अन्तर्वार्ता

## २०६५ भाद्र ७ गते मालाखेती, कैलाली

प्रश्नः तपाईको जन्म मिति र जन्मस्थानको बारेमा के थाहा छ ?

मेरो जन्म वि.सं. २०१३ माघ १५ गते डोटी जिल्ला सरस्वतीनगर गा.वि.स.बेल्टुक्रामा भएको हो ।

प्रश्नः तपाईको पारिवारिक पृष्ठभूमिका बारेमा केही बताईदिनु हुन्छ कि ?

हाम्रो पैतृक थलो भारतको सिँगाही क्षेत्र हो । हजुरबुवा भारतको सिँगाहीबाट नेपालको सेती अञ्चल अन्तर्गतको डोटी जिल्ला निरौलीमा आएका थिए । बाजे आफ्नो पालामा निरौलीबाट डोटीकै जोरायल बेल्टुक्रामा बसाइ सरेका हुन् ।

प्रश्नः तपाईलाई बाल्यकालको के स्मरण रहेको छ ?

मेरो बाल्यकाल १० बर्षसम्म बालक्रिडामै बितेको थियो । उतिबेला म स्कुल जान डराउने, रुने, कक्षामा बस्न मन नगर्ने र खेल्न उफ्रिनमै मन गर्थे । मलाई बुवा अथवा दिदीले स्कुल पुऱ्याइदिनु पर्थ्यो ।

प्रश्नः तपाईको शैक्षिक जीवनका बारेमा केही बताइदिनुहोस् न ।

मेरो अनौपचारिक शिक्षा-दीक्षाको वातावरण साथी दौँतरी, छरछिमेकी र परिवारकै प्रभावमा बनेको हो । औपचारिक शिक्षाको सन्दर्भमा भन्नु पर्दा मैले प्राथमिक शिक्षा शिवपुर प्रा.वि.मा, माध्यमिक शिक्षा रघुनाथ मिडिल स्कुलमा र उच्च शिक्षाको प्रवीणता-प्रमाणपत्र तह कैलाली बहुमुखी क्याम्पसबाट सम्पन्न गरेको हुँ ।

प्रश्नः तपाईको पढ्ने चाहना र अध्ययनका बारेमा के भन्नु हुन्छ ?

म आफ्नो उच्च शिक्षाको अध्ययन रोकिएकामा साह्रै असन्तुष्ट छु । उतिबेला हालको जस्तो विद्यालय वा क्याम्पसको सहज प्राप्यता र पहुँच थिएन । घर छोडेर जिल्लाभन्दा बाहिर टाढा-टाढा जानुपर्ने र यातायातको पनि धेरै सुविधा नभएका कारण

पढाइप्रति चाहना हुँदा हुदैं पनि मैले उच्च शिक्षा पूरा गर्न सकिन । २०३३/०३४ सालतिर इलाहाबाद बोर्डबाट प्राइभेट फर्म भरें । परीक्षाका समयमा दुबै वर्ष क्रमशः बस दुर्घटना र पितृवियोगले गर्दा नमीठो परिस्थितिको सामना गर्नु पर्‍यो । ती घटनाहरूले मेरो अध्ययनमा डेढ वर्ष निकै बाधा गरे । पढाइप्रतिको उत्कट अभिलाषाका कारण वि.सं. २०५० मा कैलाली क्याम्पसमा भर्ना भए । अध्ययन र शिक्षण पेसालाई निरन्तरता दिइरहेकै समयमा दुई विषयमा अनुत्तीर्ण भएँ र पछि फेरी परीक्षा दिएपछि पास भएँ । आइ. ए. पास भैसकेपछि स्नातक तहको अध्ययनका लागि जुटिरहेकै बेला पारिवारिक खिचलो र अंशवण्डाका कारण मेरो स्नातक तह पूरा हुन पाएन । एस.एल.सी. पास भएपछि २० वर्ष पछाडिको मेरो पढाई उच्च शिक्षा अध्ययनप्रतिको तलतल मेटाउने एउटा झिनो प्रयास मात्र थियो, जसले पूर्णता लिन नपाउँदै पूर्णविरामको पिरलो थेग्नु पर्‍यो ।

प्रश्नः तपाई आफ्नो वैवाहिक जीवनबाट कत्तिको सन्तुष्ट हुनु हुन्छ ?

मेरो दाम्पत्य जीवन मिश्रित विशेषताहरूकासाथ रहेको छ । आर्थिक दुरावस्था र श्रीमतीले औपचारिक शिक्षा हासील नगरेकोमा सामान्य असन्तुष्टि रहे पनि सानो परिवार सुखी परिवारको अवधारणा मैले राखेको छु । समग्रमा म मेरो वैवाहिक जीवनबाट सन्तुष्ट नै छु ।

प्रश्नः तपाईको सिर्जनात्मक लेखनको प्रारम्भ कसरी भएको हो ?

म लेखन सिर्जना त बाल्यकालीन समयदेखि नै गर्ने गर्थें । वि.सं. २०३८/०८/२३ गते पिताको अवसान पछिका अस्त-व्यस्त अवस्थाको कारुणिक परिवेशले तत्काल साहित्यसिर्जना र आध्यात्मपथतिर डोऱ्याएको हो ।

# परिशिष्ट-२

## भाइ धर्मराज भण्डारीसँगको अन्तर्वार्ता

## २०६५ असोज २ गते मालाखेती, कैलाली

प्रश्नः निर्मलकुमार भण्डारीको स्वभाव कस्तो छ ?

वहाँको स्वभाव सहज र सरल छ । वहाँको अन्तरमन निश्छल र निष्कपट रहेको छ । साथीभाइ, इष्टमित्र र आफन्तसँग वहाँको व्यवहार उदाहरणीय देखिन्छ ।

प्रश्नः वहाँको बाल्यकालीन स्वभाव र अहिलेको स्वभावमा के भिन्नता पाउनु भएको छ ?

दाजुको बाल्यकालीन स्वभाव र अहिलेको स्वभावमा म त्यति भिन्नता देखिदैन, केही कुराहरूमा अनमेल भए पनि वहाँको स्वभावमा उदारता, आत्मीयता र प्रकृतिप्रेम सधै एकै किसिमको देखिएको छ ।

# परिशिष्ट-३

## भाइ टेकराज भण्डारीसँगको अन्तर्वार्ता

## २०६५ असोज ३ गते

प्रश्नः निर्मलकुमार भण्डारीको आन्तरिक व्यक्तित्व के-कस्तो पाउनु भएको छ ?

दाजुको आन्तरिक व्यक्तित्वका सन्दर्भमा भन्नु पर्दा वहाँ सानै उमेरदेखि शान्त र भावुक प्रकृतिका मानिस हुनुहुन्थ्यो । शुरु अवस्थामा केही चञ्चलता देखिए पनि वहाँको उमेर बढ्दै जाँदा गम्भीर, एकान्तप्रेमी र प्रकृतिलाई माया गर्न थाल्नु भयो । असमानता, अन्याय र अराजक व्यवहार वहाँलाई मन पर्दैन । वहाँको आन्तरिक व्यक्तित्व सहज, सरल, सहयोगी, सिर्जनशील र साधनारत देखिन्छ ।